नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ३ ● अंक ३०० ● २०८२ साल असोज १० गते शुक्रबार ● Friday 26, September 2025 ● सूर्योदय: बिहान ५:५५ बजे ● सूर्यास्त: साँझ ५:५७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## दुई समूहको विवादमा गोली चल्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर ५, भिस्वामा गोली चल्दा अन्दाजी १६ वर्षीय गोलु आलम धुनिया घाइते भएका छन् । उनको तिघ्रामा गोली लागेको छ । वीरगंजस्थित नारायणी अस्पतालमा उनको उपचार भइरहेको छ ।

प्रहरीका अनुसार, भिस्वा बजारस्थित गाउँपालिका कार्यालय पछाडिको सडकमा बिहीबार साँझ दुई समूहबीच झगडा भएको थियो र गोली चलेको हो । आलमलाई गोली हान्नेको पहिचान खुलेको छैन ।

पर्साका प्रहरी उपरीक्षक सुदीपराज पाठकले भिस्वामा गोली चलेको जानकारी आएको बताए । उनले आलमको अवस्था खतरामुक्त रहेको बताए ।

## प्रधानमन्त्रीको सम्बोधनः

# निर्वाचन गराउँछौँ, योग्य नेता छान्नुहोस्



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका त्याग, बलिदान एवम् सङ्घर्षबाट प्राप्त उपलब्धि संस्थागत गर्दै 'जेन्जी' आन्दोलनले उठाएका आवाज सम्बोधन गर्न सबैले हातेमालो गर्नुपर्ने अवस्था आएको बताएकी छिन् । बिहीबार राष्ट्रका नाममा पहिलो सम्बोधन गर्दै उनले प्रदर्शनक्रममा जीवन गुमाउने योद्धालाई शहीद घोषणा गरी परिवारजनलाई आर्थिक राहत व्यवस्था गरिएको बताइन् । घाइतेको निःशुल्क औषधी उपचार तथा क्षतिपूर्ति प्रबन्ध गरिएको र जेन्जी विद्यार्थी तथा युवायुवतीले अनाहकमा ज्यान गुमाउनुपरेकामा दुःख व्यक्त गर्दै सम्बद्ध दोषीमाथि सख्त कानूनी कारबाही गर्न सरकार प्रतिवद्ध भएको उनको तर्क छ ।

आगामी छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउने अठोटसहित निर्वाचन प्रक्रियामा होमिएको सरकारलाई सहयोग गर्न सबैसँग अनुरोध गरिन् ।

प्रधानमन्त्री कार्कीले भ्रष्टाचार न्यूनीकरण, सुशासन र सामाजिक न्यायका लागि वर्तमान सरकार दृढ रहेको स्पष्ट गरिन् । उनले सरकारका कुनै पनि निकायमा ढिलासुस्ती, भ्रष्टाचारजन्य वा झञ्झटपूर्ण कार्य भए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका साथै तीनै तहका सम्बन्धित सरकारी निकायमा उजुरी दिन 'हटलाइन'को प्रबन्ध गरिएको जानकारी दिइन् ।

प्रधानमन्त्री कार्कीले संविधान संशोधनसम्बन्धी मुद्दाको सम्बोधन जननिर्वाचित संसद्बाट गर्न आग्रह गर्दै जेन्जी समूहको आन्दोलनको मर्म र भावनाबमोजिम सरकार सञ्चालन गरिरहेको सरकारलाई सहयोग गर्न सबैसँग आग्रह गरिन् । उनले चालु आर्थिक वर्षअन्तर्गतका स्रोत सुनिश्चित नभएका र टुक्रे आयोजनाका नाममा विनियोजित बजेट खारेज गरिएको जानकारी गराउँदै क्षतिग्रस्त भौतिक संरचना निर्माणका लागि 'पुनःनिर्माण कोष' स्थापना गरिएको बताइन् ।

उनले परिवर्तित स्थितिमा मनोबल गिराउने काम नगर्न र रुपान्तरित भएर सेवाप्रवाह गर्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारीसँग पनि अपिल गरिन् । उनले नेपाली जनताले चाहेअनुसार शासकीय प्रणालीमा परिवर्तन र सुशासनको अपेक्षा पूर्तिसहित छ महिनाभित्र निर्वाचन गराउने आफ्नो दायित्व भएको बताइन् ।

भदौ २३ र २४ गतेको जेन्जी समूहको आन्दोलन र उत्पन्न परिस्थितिमा पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा भदौ २७ गते निर्वाचन गराउने जिम्मेवारीसहित आन्तरिक सरकार गठन भएको थियो । सरकार गठनपछि प्रधानमन्त्री कार्कीले सिंहदरबारबाट पहिलो पटक राष्ट्रका नाममा सम्बोधन गरेकी हुन् । उनको सम्बोधनअघि विस्तारित मन्त्रिपरिषद्को पहिलो बैठक सिंहदरबारमा सम्पन्न भएको थियो । तोकिएको मिति आगामी फागुन २१ गते स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित रुपमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराउन सरकार कटिबद्ध रहेको उनको भनाइ थियो ।

उनले विदेशमा रहेका नेपाली मतदातालाई मतदान गराउने उपायको समेत खोजी गरिरहेको जानकारी दिइन् । उनले उत्साहका साथ निर्वाचनमा भाग लिइ युवापुस्ताको मागबमोजिम योग्य व्यक्तिलाई निर्वाचित गराउन सबैलाई आग्रह गरिन् ।

***(प्रधानमन्त्री कार्कीको पूर्ण सम्बोधन पृष्ठ ४ मा समेटिएको छ)***

## परिवारलाई १० लाख

सरकारले 'जेन्जी' प्रदर्शनमा ज्यान गुमाएका परिवारलाई १० लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने भएको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले ज्यान गुमाएका परिवारलाई आर्थिक सहायताबाहेक काजकिरिया, खाना खर्च र यातायात खर्चबापत थप पाँच लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।

मन्त्री खरेलले भने, 'यही भदौ २३ र २४ गते जेन्जी प्रदर्शनक्रममा मृत्यु भई पहिचान खुलेका मृतक नेपाली नागरिकका प्रतिपरिवारलाई (भाग्ने क्रममा मृत्यु भएका कैदीबन्दी र बालबन्दीबाहेक) १० लाख रुपैयाँका दरले आर्थिक सहायता र काजकिरिया, खाना खर्च र खाना खर्चबापत पाँच लाख रुपैयाँका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएको छ । भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा हालसम्म ७४ जनाको मृत्यु भएको छ ।'

## अनलाइन दर्ता पूर्ववत

सरकारले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण पूर्ववत् रुपमा सूचना तथा प्रसारण विभागबाट गराउने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार भएको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले यस्तो जानकारी दिएका हुन् । पूर्ववर्ती सरकारले स्थानीय प्रशासन कार्यालयबाट अनलाइनको दर्ता र नवीकरण गराउने निर्णय गरेको थियो ।

## अघिल्लो दिन मार्ने, भोलिपल्ट फिरौती माग्ने, खोज्न पनि हिँड्ने !

**मधेशदृष्टि**
**सिरहा ।**
गोलबजार नगरपालिका–१३, डङ्गराहाका १६ वर्षीय अभिषेक सिंहको अपहरणपछि हत्या प्रकरणमा नयाँ तथ्य सार्वजनिक भएका छन् । असोज ५ गतेदेखि बेपत्ता अभिषेकको शव असोज ७ गते बिहान घर नजिकै आँपको बगैँचामा भेटिएको थियो ।

अनुसन्धानक्रममा प्रहरीको तालिमप्राप्त कुकुर मृतककै हजुरबुवा विन्देश्वर सिंहको घरको आँगनसम्म सुँघ्दै पुगेर रोकिएपछि, प्रहरीको शङ्का १७ वर्षीय पंकज सिंहतर्फ मोडियो । पंकज अभिषेकका काका पर्ने नातेदार हुन् ।

प्रहरीका अनुसार अभिषेकले ट्र्याक्टर चलाउन नदिएको रिसमा पंकजले योजनाबद्ध रूपमा हत्या गरेका हुन् । ७ गते नै पक्राउ परेका पंकजले प्रहरीलाई दिएको बयानमा अभिषेकलाई 'खेल्न जाउँ' भनेर घरबाट लगेका थिए । पहिले खेतमा खाल्डो खनी ड्रम राखिसकेका उनले गम्छाले बाँधेर अभिषेकको घाँटी थिचेर हत्या गरेका थिए । प्रारम्भमा शव ड्रममा राखी खाल्डोमा पुरेर माथिबाट माटोले ढाकिएको थियो ।

हत्या पश्चात पनि पंकजले आफन्तसँग खोजी अभियानमा संलग्न बनेको अभिनय गरेका थिए । असोज ६ गते बिहान उनले अभिषेककी आमा रेखादेवी सिंहको मोबाइलमा इमोमार्फत पाँच करोड फिरौती माग गर्दै हिन्दी भाषामा धम्कीपूर्ण सन्देश पठाएका थिए । सन्देशमा उल्लेख थियो, 'पैसा नदिए मारिदिन्छौँ, प्रहरीले थाहा पाए पनि लास फाल्नेछौँ ।' यसबाट घटनालाई सीमापार (बिहारतर्फ) बाट आएको जस्तो देखाउने प्रयास गरिएको प्रहरीको प्रारम्भिक निष्कर्ष छ ।

घटनाको राति भारी वर्षा भएपछि ड्रम देखिन थाल्यो र पंकज फेरि घटनास्थल गए । त्यसपछि शव निकालेर आँप बगैँचामा फ्यालेको र ड्रमलाई नजिकैको पोखरीमा डुबाएको बयान उनले प्रहरीसमक्ष दिएका छन् । घटनामा प्रयोग भएको गम्छा विद्यालय प्राङ्गणबाट, मृतकको मोबाइल र सिम पोखरी किनारबाट र ड्रम पोखरीभित्रबाट प्रहरीले बरामद गरेको छ । साथै, फिरौती सन्देश पठाउन प्रयोग गरिएको मोबाइल पंकजकै रहेको पुष्टि भएको छ । मोबाइल दाउरा राख्ने घरभित्र फेला परेको छ ।

अभिषेक परिवारका एक्ला छोरा थिए । उनका पिता सञ्जय सिंहको करिब १० वर्षअघि करेन्ट लागेर मृत्यु भएको थियो । अभिषेककै नाममा चार बिघा पुख्र्यौली जमिन रहेको हुँदा सम्पत्ति हत्याउने नियतले अन्य व्यक्तिको संलग्नता हुनसक्ने आशंकामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्माले भने, 'पंकजले घटना आफू एक्लैले गरेको भनेका छन् तर ड्रममा शव लुकाउनेदेखि निकालेर फाल्नेसम्मको प्रक्रिया हेर्दा अरुको पनि संलग्नता हुनसक्छ ।' घटनाको गम्भीरताका कारण प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीसमेत अनुसन्धानमा खटिएको छ । नाबालक पंकजलाई मोहरा बनाइ अरू कसैले योजनाबद्ध ढङ्गले हत्या गराएको हुनसक्ने कोणबाट अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरी उपरीक्षक शर्माले भने, 'दोषी पत्ता लागिसकेको छ । धेरै प्रमाण जुटिसकेका छन् । केही निष्कर्ष आउन बाँकी छ, निष्कर्षमा पुगेपछि सार्वजनिक गर्छौं ।'






# दशैं–तिहार लक्षित बजार अनुगमन



**मधेशदृष्टि**
**सप्तरी ।**
चाडपर्वलाई लक्षित गर्दै सप्तरीको राजविराजमा बजार अनुगमन तीव्र पारिएको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीको नेतृत्वमा विभिन्न निकायका प्रतिनिधिहरूको टोलीले बुधबारदेखि बजार अनुगमन थालेको हो । प्रशासकीय अधिकृत जितेन्द्र कुमार पासवानको नेतृत्वमा गठन गरिएको अनुगमन टोलीले राजविराजका किराना पसलहरूमा छापा मार्दा म्याद गुज्रिएका पेय पदार्थसहित उपभोक्तालाई हानी पु¥याउन सक्ने सामानहरू फेला पारेको हो ।

जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा सुशील कर्णका अनुसार फेन्टा, स्प्राइट, कोक लगायतका म्याद गुज्रिएका पेय पदार्थ पसलमै बिक्रीका लागि राखिएको अवस्थामा बरामद गरिएको थियो । अनुगमन टोलीले ती सबै सामग्री तत्काल नष्ट गरेको छ । ‘अबदेखि म्याद गुज्रिएका वा गुणस्तरहीन सामान बिक्री गरेको फेला परेमा कानुनी प्रक्रिया अघि बढाएर कारबाही गरिने चेतावनी दिइएको छ,’ कर्णले भने ।

अनुगमनको अभावमा उपभोक्ताहरू गुणस्तरहीन तथा म्याद गुज्रिएका सामान किन्न बाध्य हुने अवस्था रहेको स्थानीय बासिन्दाहरूको गुनासो छ । विष्णुपुर गाउँपालिका–६ का विजय देवले नियमित बजार अनुगमन भए उपभोक्ता सचेत हुने र ठगिनबाट जोगिने विश्वास व्यक्त गरे । ‘चाडपर्वको बेला मात्र नभएर वर्षभर पालैपालो सबै पसलमा अनुगमन गर्नुपर्छ,’ देवले भने ।

बजार अनुगमन टोलीमा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष बैद्यनाथ झा, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रतिनिधि, घरेलु तथा साना उद्योग कार्यालय, खाद्य तथा गुण नियन्त्रण कार्यालय, कर सेवा केन्द्र राजविराजलगायतका सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी थिए । अनुगमन टोलीका अनुसार दशैं र तिहारका बेला उपभोक्ता बढी ठगिने सम्भावना हुने भएकाले आगामी दिनमा अनुगमन अझ कडाइका साथ निरन्तर गर्ने योजना रहेको छ ।

# मेडिकल पसलको आडमा लागुऔषध कारोबार

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा मेडिकल पसलको आडमा प्रतिबन्धित लागुऔषध कारोबार गर्दै आएको एक सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहट अन्तर्गत लागुऔषध नियन्त्रण ब्युरोको टोलीले विशेष सूचनाका आधारमा गरेको छापामारीबाट चन्द्रपुर नगरपालिका–७ नयाँबस्तीका ५३ वर्षीय लालबाबू (दिपेन्द्र) कुमार साह पक्राउ परेका हुन् । लागुऔषध नियन्त्रण ब्युरोका सई तुल प्रसाद पुडासैनीको कमाण्डमा खटिएको टोलीले साहको पसल र घर दुबै स्थानमा तलासी गर्दा ठूलो मात्रामा ट्रामाडोल बरामद भएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानअनुसार साहले लामो समयदेखि मेडिकल व्यवसायलाई ढाल बनाएर प्रतिबन्धित औषधि बिक्री वितरण गर्दै आएको आशंका गरिएको छ ।

प्रहरीले घटनास्थलमा ना.३३ प ९५३३ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा साहकै साथबाट ट्रामाडोलका ३०० पत्ता (३,००० पिस) बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले जानकारी दिए । बरामद मोटरसाइकल, लागुऔषध र पक्राउ परेका साहलाई नियन्त्रणमा लिएर प्रहरी पोष्ट चन्द्रनगाहपुर तल्लो बजारमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । लागुऔषध नियन्त्रण ब्युरोका अनुसार साहले मेडिकल व्यवसाय सञ्चालन गर्दै निरन्तर रूपमा प्रतिबन्धित औषधि ग्राहकसम्म पु¥याउँदै आएको प्रारम्भिक तथ्याङ्कले देखाएको छ । प्रहरीले घटनाको विस्तृत अनुसन्धान जारी रहेको र आवश्यक कानुनी प्रक्रिया पूरा गरी मुद्दा दर्ता गरिने जनाएको छ ।

# माटो बेचेर दशैँ खर्चको जोहो

**महोत्तरी ।**
दशैँ नजिकिँदै गर्दा महोत्तरीका आर्थिक अवस्था कमजोर भएका परिवारले माटो बेचेर खर्चको जोहो गर्न थालेका छन् । सधैँ खर्चको व्यवस्थापन गर्न सकस पर्ने यहाँका गरिब परिवारले नवरात्र शुरु भएसँगै घर लिपपोत गर्ने विभिन्न रङका माटो बेचेर आम्दानी गर्न थालेका हुन् । दशहरा (दशैँ), दीपावली र छठपर्वअघि विभिन्न रङका माटोले घर पोतेर चिटिक्क टल्काउने मधेशको स्थापित परम्पराका कारण यहाँका गरिब परिवारले अतिरिक्त आर्जनको अवसर पाएका छन् । किसानको खेतपातीमा श्रम गरेर जीविकोपार्जन गर्ने श्रमिक अहिले माटोको खोजीमा निस्कन्छन् । दशैँमा कमेरे (सेतो), चिम्टाइलो ढपहैँलो) र रातो माटोको माग हुने भएकाले श्रमिकका परिवार माटो खोज्न र बेच्न जुटेका छन् । पहेँलो र कमेरे माटो ठूलठूला पोखरीका डिल, नदी किनारको भिर र पुराना खाल्डा नजिक पाइन्छ । रातो माटो लिन चुरे पहाडका थुम्काहरूमा पुग्नुपर्ने भङ्गाहा–४ की हेमनी सदा मुसहरले बताए । ‘पवनी (पर्व)लाई हामीले साँचेर राखेको केही हुँदैन । दैनिक काम गरेर आउने रकमले जीविकोपार्जन भइरहेको छ’, उनले भने, ‘हाम्रा लागि पवनीभित्रै अवसर आउँछन्, अहिले माटो बेचेर दशहरा मेलाका लागि खर्च बनाउँदैछौँ ।’ दशहरा खाने, पिउने, रमाइलो गर्ने पर्व भएकाले यसका लागि बढी खर्चको जोहो गर्नुपर्ने उनको भनाइ छ । अहिले माटो खोज्न, खन्न र ओसार्न बस्तीबस्तीबाट समूहमा निस्कने गगरिएको उनले बताए । ग्रामीण बस्तीमा अधिकांश बाँसका चोयाको बारसहितका भित्ता भएका घर हुन्छन् । यस्ता घरका भित्ता बर्सेनि दशैँ, तिहार र छठअघि माटोले पोतेर रङग्याउने चलनले यी पर्वमा विभिन्न रङका माटोको माग बढ्छ । यसै अवसरलाई अहिले श्रमिकले अतिरिक्त नगदको जोहोमा जोड्दै छन् । अहिले फरकफरक रङका माटोको खोजी गर्ने समूहको गन्तव्य नदीले दह, विभिन्न खेतका डिल, पुराना पोखरी र चुरे पहाड क्षेत्रका रातो माटोका थुम्का भएका छन् । अहिले गरेको मेहनतले आफ्नो घर पोत्न, दुर्गामेला खर्च र पवनीमा घरखर्चको व्यवस्थापन गर्न सकिने स्थानीय भुठ्ठी सदाले बताए । नवरात्रको चौथो दिनसम्ममा भङ्गाहा–६ की पुर्नी महराले पाँच हजारको माटो बेचिसेका छन् । अझै दुई–तीन दिन मेहनत गर्दा थप पाँच–सात हजार आम्दानी हुने जनाउँदै उनले यसले पर्व खर्चको व्यवस्थापन हुने बताए । ‘दशहरा पर्व शुरु भएसँगै गरिब बस्तीका महिलाले घर पोत्ने, रङग्याउने काम पनि पाएका छन् । अरु बेलाको भन्दा अलि बढी पारिश्रमिक पाइने हुँदा श्रमिकहरूलाई यो पनि अवसर बन्ने गरेको छ’, उनले भने । महोत्तरीका भङ्गाहा, मेघरोल, मदनपट्टी, पर्सा, धरमपुर, भीमगढ, मझौलिया, बनरा, गोरहन्ना, निगौल, बिसरपुर गौशाला रजखोरबिर्ता र धनसपुरसहितका थारु बस्तीमा अहिले माटो सङ्कलन गरी बेच्नेको व्यस्तता देखिन्छ । थारु महिला विभिन्न रङको माटोले घर पोत्न, विभिन्न रङका माटो सङ्कलन गरी बेच्न व्यस्त छन् । घरघरमा हाँस, कुखुरा र परेवा पाले पनि थारु बस्तीका घरहरू सफा चिटिक्क देखिन्छन् । घर सरसफाइ, रङरोगन र सजावटमा थारु महिला अब्बल देखिन्छन् । अहिले थारु महिलाको सङ्गतले अन्य समुदायका गरिब महिला पनि माटो सङ्ग्रहमा लागेका छन् । अहिले माटो जम्मा गर्नसके मेलामा रमाउन र स–साना नानीहरूको खानपिनको रहर पु¥याउन सहयोग पुग्ने भएकाले माटो सङ्कलनमा जुटेको स्थानीय आसवती चौधरीले बताइन् । उनका अनुसार अहिले जम्मा गरेको माटो दसैँपछिको दीपावली र छठसम्म बिक्री हुन्छ । मधेशका ग्रामीण बस्तीमा बाँसका कच्चीघर बढी हुने र तिनका भित्ता बाँसका चोया र कर्चीबाट बन्ने भएकाले लिपपोत गर्न माटो आवश्यक पर्ने चौधरीको भनाइ छ । प्रत्येक वर्षको दशैँ, तिहार र छठमा घर पोत्ने अनिवार्य चलनले गरिब बस्तीका महिलालाई माटो बेचेर चाडपर्वको खर्च जोहो गर्ने अवसर बन्ने उनले बताइन् । पछिल्ला वर्षहरूमा बस्तीबस्तीमा पक्कीघर बन्ने थालेपछि यो कामको विकल्प खोज्ने बेला आएको श्रमिक महिला बताउँछन् । रासस

# दशहराः न ‘झिझिया’ को लय न ‘ढोल’ को डिगडिगिया

**महोत्तरी ।**
मधेशमा महोत्तरीसहितका मिथिला क्षेत्रमा ‘दशहरा’ पर्व भन्नेबितिक्कै बूढापाका मैथिल झिझिया र ढोल सम्झन्छन् । दशहारा पर्वको नवरात्र शुरु हुनासाथ बिहान÷बेलुका बस्तीबस्तीका घरघरै पुगेर ‘ढोल’ (नगरा) को डिगडिगिया (ढोल बज्दाको आवाज) बजाइन्थो । यसले दशैँ घरआँगनमा आएको आभाष हुन्थ्यो, तर पछिल्लो समय दशैँको पर्याय बनेका यी परम्परागत कला लोप हुँदै गएका छन् । भङ्गाहा–४ का ८० वर्षीय वृदेवसिंह दनुवार ढोलको आवाज सुन्न छाडेको एक दशक नै नाघिसकको बताए । दशैँका बेला बस्तीहरूमा नवरात्रभरि प्रत्येक रात गुञ्जने भिझियाको लय र त्यसको तालको नृत्य पनि बिस्तारै लोप हुँदै गएको र पर्वविशेषको यो चलन मेटिँदै जाँदा दसैँको रौनक नै हराएको उनको भनाइ छ । ‘दशहारा आयो भन्छन्, तर न ढोल बज्छन्, न झिझिया देखिन्छ’, दनुवार भन्छन्, ‘पर्वविशेषका खास परम्परा हराउँदै गएपछि यसको मौलिकता देखिन, सुनिन छाडेको छ । यसले हामीलाई चिन्तित बनाएको छ ।’ सोमवती चौधरी थारू पनि दशैँको परम्परागत मौलिकता हराउन थालेको बताउँछन् । ‘दशहारा शुरु भेला तीन दिन भगेल, बुझाइते नई अई जे पावैन अई, न गामघरमें ढोल बजैय, न झिझिया नाच दिखाइय (दशहारा शुरु भएको तीन दिन भइसक्यो, खै पर्व आएको जस्तो नै लाग्दैन, न ढोल बज्छन्, न झिझिया नृत्य देखिन्छ’, उनले भनिन् । सामाजिक संस्थाहरूले कतैकतै झिझिया आयोजना गर्ने गरेका छन् । यद्यपि, जनमनबाट मनाउने परम्परा हराउँदै जान थालेको गौशाला–१२ कालीपुरकी बासिन्दा पवनदेवी महतोले पनि महसुस गरेकी छन् । महोत्तरीसहितका मिथिलामा दशैँ पर्वलाई दशहारा भनिन्छ । यस पर्वमा पहिलो दिन घटस्थापनासँगै शुरु हुने नवरात्रमा बस्तीका घर÷घरैजसो ‘दशैंके ढोल’ भन्दै चमार नाइकेले बजाउने ढोल र राति महिलाले सामूहिक रूपमा गीत गाउँदै नाचिने झिझिया नाच्ने गर्थे । दशहारा पर्वको घटस्थापनाकै दिनदेखि नवमीसम्म बस्तीका चमार जातिका अगुवा ठूलो आवाजको नगरा (ढोल) बजाउँदै ‘दशैंके ढोल’ भनेर कराउँदै हिँड्दा स–साना नानीबाबुहरू अघिपछि झुम्मिने गरेका कुरा अब दन्त्यकथाजस्तै भएको बूढापाका बताउँछन् ।

बस्तीबस्तीमा दुर्गा प्रतिमा बनाउने र दुर्गामेला आयोजना गर्ने कुरामा नयाँ पुस्ता देखिए पनि पर्वको पुरानो परम्परा ‘झिझिया’ र ‘ढोल’ बिना दशैँ खल्लो लाग्ने गरेको स्थानीय बताउँछन् । ‘प्रतिमा बनाउने, मेला आयोजना गर्ने त ठिकै छ, मेलामा ढोल बजाउने र झिझिया नाच्ने कार्यक्रम राखे त हुन्थ्यो नि’, औरही–७ भोइलका ७५ वर्षीय मोहन महतो भन्छन्, ‘यी कार्यक्रम राखिदैनन्, बरु लाखौँ खर्चेर कर्कश स्वरका डिजे बाजामा भद्दा नाच नचाइन्छ ।

यो राम्रो भएन ।’ यसैगरी नवरात्र शुरु भएकै दिनदेखि मिथिला क्षेत्रमा घन्कने झिझिया गीत र त्यसको तालमा नाच्ने नृत्याङ्गनाहरुको समूह पनि अब पातलिँदै गएको छ । ‘तोहरेलागि झिझिया बनैली हो बरमबाबा...!’ को रागले सुनसान रातमा बस्तीका सडक हुँदै ग्रामदेवता (ब्रह्मस्थान) स्थलमा पुगेर मिथिलानी (मिथिलाका नारी) हरूले सुरिलो भाखामा गाउँदै फनफनी आपूm लाई घुमाएर नाचेको देखाउने यो प्राचीन तान्त्रिक नृत्य अब देखिन छाडेको छ । गाउँनगर बस्तीका पाका चमार जातिका अगुवा नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दसैँको ढोल बज्न छाडेको बताउँछन् । ‘शरीरले साथ दिउन्जेल रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाहँदैनन्, के गरौँ ?’ भङ्गाहा–५ सीतापुरका अछवा राम चमारको गुनासो छ । दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारीका लागि भारत र अन्य देश जान थालेपछि पुख्र्यौली रीतिथिति र पेसा थाम्ने कुरा ओझेलमा परेको हो । त्यसैगरी असुर प्रवृत्तिविरुद्ध सात्विक व्यवहार र असत्यमाथि सत्यको विजयको प्रतीकका रुपमा मनाइने दशहारा पर्वमा झिझिया नृत्य मिथिला क्षेत्रको प्रमुख आकर्षण रहँदै आएको थियो । रामगोपालपुर–२ टेङरका बासिन्दा ७५ वर्षीय गणेशप्रसाद यादव दशैँ लागेपछि प्रत्येक रात बस्तीका महिलाहरू सहभागी हुने झिझिया नृत्य पछिल्ला केही वर्षयता सुनिन छोडेको बताए । उनी भन्छन्, ‘मनोरञ्जनका हाम्रा आफ्नै समृद्ध परम्परा छन्, यी अहिले मेटिने अवस्थामा पुगेका छन्, पछिल्ला पुस्ताले यस कुरामा ख्याल गर्न पर्यो ।’

झिझिया गीतमा देवी दुर्गाको प्रार्थना, बोक्सी भनिने दुष्टआत्मालाई गाली र सन्तानको कल्याण एवम् दीर्घायुको कामनाको भाव हुन्छ । पुरानो यो लोकसंस्कृति कायम राख्न अब यसलाई समयअनुसार परिष्कृत गर्दै अघि बढ्नुपर्ने धेरैको सुझाव छ । रासस

# जेन्जी आन्दोलनः सप्तरीमा क्षतिको रकम ७६ करोड नाघ्यो





**मनोज माझी**
**सप्तरी ।**
जेन्जी आन्दोलनका क्रममा सरकारी कार्यालयहरुलाई मात्र नभई राजनीतिक दलका पार्टी कार्यालय, नेता र जनप्रतिनिधिको घरमा समेत आक्रमण, तोडफोड र आगजनी गरी ठूलो क्षति पुर्याइएको छ । भदौ २४ गते सप्तरीको विभिन्न स्थानमा नेपाली काँग्रेस, नेकपा एमाले, जसपा नेपाल, जनमत पार्टी, नेकपा मओवादी केन्द्र लगायतको पार्टी कार्यालयका साथै केही नेता, जनप्रतिनिधिहरुको घरमा पनि तोडफोड र आगजनी गरी एक करोड भन्दा बढीको क्षति पुर्याइएको हो ।

सप्तरी प्रहरीको तथ्यांक अनुसार आन्दोलनको क्रममा राजविराजस्थित नेकपा एमालेको पार्टी कार्यालयमा तोडफोड र आगजनीबाट सर्वाधिक ३२ लाख ६२ हजार ५ सय मुल्य बराबरको सम्पत्ति नष्ट भएको छ ।

जनमत पार्टीको जिल्ला कार्यालयमा १७ लाख २८ हजार सात सय ५० र कञ्चनरुप नगरपालिकास्थित नेकपा एमाले पार्टी कार्यालयमा १४ लाख ५३ हजार पाँच सय रुपैयाँको क्षति भएको छ । राजविराजस्थित जसपा नेपालको पार्टी कार्यालयमा १० लाख ६३ हजार सात सय ६५ तथा कञ्चनरुप नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ताको घरमा भएको तोडफोड र आगजनीबाट १० लाख रुपैयाँ बराबरको सम्पत्ति नष्ट भएको छ । नेकपा मओवादी केन्द्रको जिल्ला पार्टी कार्यालयमा पाँच लाख ५० हजार तथा नेपाली काँग्रेसको जिल्ला पार्टी कार्यालयमा ४ लाख ४१ हजारको सम्पत्ति तोडफोड र आगजनी गरी नष्ट गरिएको छ । यस्तै माओवादी नेता एवम् पूर्वमन्त्री उमेश यादको घरमा तोडफोडबाट ५ लाख, एमाले नेता सुमन प्याकुरेलको घरमा एक लाख ४१ हजार र सप्तकोशी नगरपालिकाका नगरप्रमुख कृष्ण ढकालको घरमा भएको तोडफोडबाट पाँच हजार गरी कुल एक करोड एक लाख ४५ हजार १५ रुपैयाँ बराबरको क्षति भएको प्रहरी तथ्यांकले देखाएको छ ।

आन्दोलनको क्रममा घुसपैठ गरेका केही व्यक्तिले व्यक्तिगत एवम् रानीतिक प्रतिशोध साध्न पनि सरकारी कार्यालयका साथै पार्टी कार्यालय र आफूहरुको निवास स्थलमा तोडफोड र आगजनी गरेको सम्बद्ध दलका नेता र जनप्रतिनिधहरुले बताएका छन् । जिल्लास्थित पालिका र सरकारी कार्यालयमा ७५ करोड ४५ लाख हजार ८३ रुपैयाँसमेत गरी जेन्जी आन्दोलनका क्रममा सप्तरीमा कूल ७६ करोड ४६ लाख ४७ हजार ९८ रुपैयाँ बराबरको क्षति भएको प्रहरीले संकलन गरेको क्षतिग्रस्त संरचनाको लगत विवरणले देखाएको छ ।

# लहान वितरण केन्द्रमा ४४ करोडभन्दा बढी विद्युत् बक्यौता

**सिरहा ।**
नेपाल विद्युत् प्राधिकरणको लहान वितरण केन्द्रमा बक्यौता रकम ४४ करोड नाघेको छ । आर्थिक वर्ष २०८२/८३ को साउन मसान्तसम्मको तथ्याङ्कअनुसार बाँकी बक्यौता ४४ करोड ९२ लाख ५७ हजार १८४ रहेको छ । कार्यालयले बक्यौता असुल गर्न विद्युत् लाइन काट्ने अभियान सञ्चालन गरेपछि हालसम्म १७ लाख ३२ हजार ३१२ रुपैयाँ सङ्कलन गर्न सफल भएको छ । वितरण केन्द्रका प्रमुख अवधेशकुमार गुप्ताका अनुसार बाँकी बक्यौता रकम तिर्नुपर्नेमा उद्योग, सरकारी कार्यालय र कृषि सिँचाइ मिटरका ग्राहकहरू रहेका छन् । ‘कृषि सिँचाइ मिटरअन्तर्गत लहान नगरपालिकाले मात्रै एक करोड ३९ लाख ८७ हजार ६२२ तिर्न बाँकी छ’, प्रमुख गुप्ताले भने, ‘गत असार २५ गते पत्र काटिएको भए पनि हालसम्म नगरपालिकाले कुनै भुक्तानी गरेको छैन ।’ प्राधिकरणको नियमअनुसार उपभोक्ताले ६० दिनभित्र विद्युत् महसुल तिर्नुपर्ने व्यवस्था भए पनि लहान वितरण केन्द्रमा औसतमा नौ महिनासम्म पनि बक्यौता असुल हुन नसकेको उनको भनाइ छ । ‘अब बाँकी रकम असुल गर्न लाइन काट्नुबाहेक हामीसँग अर्को विकल्प छैन’, गुप्ताले भने ।

विद्युत् चुहावटको अवस्था पनि वृद्धि हुँदै गएको छ । आव २०८०/८१ मा चुहावट दर ३१ दशमलव ६५ प्रतिशत रहेकामा आव २०८१/८२ मा बढेर ३८ दशमलव १० प्रतिशत पुगेको प्रमुख गुप्ताले जानकारी दिए । उनका अनुसार चालु आवको साउन मसान्तसम्ममा यो दर बढेर ४४ दशमलव ४६ प्रतिशत पुगेको छ । यसैबीचमा प्राधिकरणले ७०३ जना ग्राहकलाई कारबाही गरी ३१ लाख ५४ हजार २२५ रुपैयाँ चुहावट महसुल असुल गरेको कार्यालयले जनाएको छ । सिरहामा प्राधिकरणका लहान, मिर्चैया र सदरमुकाम गरी तीन वटा वितरण केन्द्र रहेका छन् । लहान वितरण केन्द्रअन्तर्गत लहान, सुखीपुर, धनगढीमाई नगरपालिका र बरियारपट्टी, विष्णुपुर, औरही, लक्ष्मीपुर पतारी, नवराजपुर तथा भगवानपुर गाउँपालिका रहेका छन् । रासस

# ब्रम्हस्थान निर्माण कार्यमा अनियमितता भएको आरोप



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पकहामैनपुर गाउँपालिका–५ सबैठवामा रहेको ब्रम्हस्थान मर्मत तथा निर्माण कार्यमा अनियमितता भएको आरोप सार्वजनिक भएको छ ।
स्थानीयवासीले गाउँपालिका अध्यक्ष सुरेश मेहतामाथि भ्रष्टाचार र मिलेमतोको खेलमा संलग्न भएको भन्दै आपत्ति जनाएका छन् । अध्यक्ष मेहताले सो कार्यका लागि करिब २० लाख रुपैयाँ बजेट विनियोजन गरी उपभोक्ता समितिको नाममा योजना ल्याए पनि व्यवहारमा भने ठेकेदारलाई काम दिने जिम्मा दिएका थिए । ठेकेदार रामनाथ कुशवाहाले इन्जिनियर र अध्यक्षको मिलेमतोमा काम अधुरै छोडी रकम हिनामिना गरेको स्थानीयको आरोप छ । स्थानियको भनाइअनुसार ब्रम्हस्थानको मर्मत कार्य नाममात्रको भएको र देखावटी प्रगति देखाएर सम्पूर्ण रकम हजम गरिएको छ ।
उनीहरू भन्छन्, ‘सम्पूर्ण काम अधुरै छ । तर, कागजमा सम्पन्न देखाइएको छ । यो योजनामा अध्यक्ष, ठेकेदार र इन्जिनियरबीच मिलेमतो देखिन्छ ।’ अनियमितता र भ्रष्टाचारविरुद्ध स्थानीयवासी सडकमा उत्रिएको र सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै छानबिन र कानुनी कारबाहीको माग गरेका छन् ।

# एन्टि–रेबिज भ्याक्सिनको चरम अभाव

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाका दुई प्रमुख सरकारी अस्पताल नारायणी र पोखरिया अस्पतालमा विगत लामो समयदेखि सरकारले उपलब्ध गराउँदै आएको एन्टि–रेबिज भ्याक्सिनको (एआरभी) चरम अभाव देखिएको छ ।
एआरभी अभावका कारण कुकुर, बिरालो वा स्यालको टोकाइबाट जोखिममा परेका बिरामीहरूको जीवन जोखिममा परेको छ भने उनीहरू महँगोमा निजी स्वास्थ्य संस्थामा धाउन बाध्य भएका छन् ।
नारायणी अस्पतालमा विगत करिब चार महिनादेखि तथा पोखरिया अस्पतालमा तीन महिना अघिदेखि रेबिजविरुद्धको खोप सकिएको छ । पर्साका सरकारी अस्पतालहरूमा विगत आठ महिनादेखि नै यो जीवनरक्षक खोपको उपलब्धतामा संकट आएको छ ।
पोखरिया अस्पतालका मेडिकल सुपरिडेन्ट आनन्द रौनियारले प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा बारम्बार जानकारी गराउँदा पनि अहिलेसम्म खोप नपठाइएको बताए । रेबिजविरुद्धको खोप लिनका लागि वीरगंज र आसपासका गाउँहरूबाट मात्र नभई छिमेकी जिल्लाहरूबाट समेत सेवाग्राहीहरू नारायणी अस्पतालमा आउने गर्छन् ।
तर, खोप नहुँदा उनीहरू रित्तै हात फर्किनुपर्ने बाध्यता छ । नारायणी अस्पतालका फिजिसियन डा. निरज सिंहले खोपको माग गर्दा पनि स्वास्थ्य विभागले उपलब्ध गराउन नसकेकोमा चिन्ता व्यक्त गरे ।

# भेडाहा नदी किनारमा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर–१३ बेल्वास्थित भेडाहा नदीको तटमा नेपाली सेनाले वृक्षारोपण शुरु गरेको छ । वीरगंजमा रहेको नेपाली सेनाको श्रीजङ्ग गणका सेनाहरूले बेल्वास्थित सेनाको तालिम इलाका क्षेत्रको चार किलोमिटर नदी तटमा बिहीबारदेखि वृक्षारोपण शुरु गरेको हो । श्रीजङ्ग गणका गणपति तथा प्रमुख सेनानी लोकेन्द्र कार्कीले भेडाहा खोलाको नदी कटान हुने क्षेत्रलाई लक्षित गरेर बाँसको बिरुवा रोपिएको जानकारी दिए । कार्कीले बाँसको बिरुवाले नदीको कटान र धार परिवर्तनलाई रोक्न मद्दत हुने भएकाले वृक्षारोपण अभियान अघि सारेको बताए ।

# धनुषाको स्थानीयपालिकाका खाता अझै सञ्चालनमा आएन

**जनकपुरधाम ।**
धनुषाका जिल्लाका १८ पालिकाको खाता सञ्चालनमा नआउँदा आर्थिक कारोबार ठप्प भएको छ । यसबाट विशेष गरेर कर्मचारी समस्यामा परेका छन् । कोष तथा लेखा नियन्त्रकको कार्यालयका अनुसार जिल्लाका एक उपमहानगरपालिका, ११ नगरपालिका तथा ६ गाउँपालिकाको खाता सञ्चालनमा आएको छैन । चालु आर्थिक वर्ष बितेको दुई महिना भए पनि स्थानीय तहको खाता नखुल्दा कर्मचारीले तलब सुविधादेखि विकास निर्माणको कार्यसमेत ठप्प भएको छ । साथै बजेट खर्चसम्बन्धी आर्थिक कारोबार नभएको सो कार्यालयले जनाएको छ । स्थानीय तहको खाता सञ्चालनका लागि नगरसभा वा गाउँसभा सम्पन्न गर्नुपर्ने, आर्थिक र विनियोजन विधेयक पारित गर्नुपर्ने, चालु वर्षको बजेट पारित गर्नुपर्ने तथा अघिल्लो वर्षको खर्चको हिसाब बुझाएपमात्र खाता मिलाउनुपर्ने कानुनी प्रावधान रहेको सो कार्यालयले जनाएको छ । धनुषाका अधिकांश स्थानीय पालिकाले ती प्रक्रिया पूरा नगरेकोले खाता बन्द रहेको छ । सो कार्यालयका अनुसारले १८ पालिकामध्ये १० पालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटसमेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायत सम्बन्धित निकायमा पेस नगरेको बताइएको छ । खाता सञ्चालनमा नआउँदा स्थानीय विकास निर्माणका योजना सञ्चालन गर्न समेत समस्या भएको बताइएको छ । रासस

# धोबिनी गाउँपालिकाका कर्मचारीले ६ महिनादेखि तलब पाएनन्





**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको धोबिनी गाउँपालिकाको गाउँसभा अझै हुन नसकेकोले गाउँपालिकाका कर्मचारीहरु तलब खानबाट बञ्चित भएका छन् । विजयादशमी चलिरहेको अवस्थामा पनि गाउँपालिका अध्यक्ष मदन चौहान र उपाध्यक्ष मन्जु देवी कुर्मीन लगायतका जनप्रतिनिधिहरुको भागभण्डा नमिलेको कारण गाउँसभा हुन नसकेपछि गाउँपालिकाको सम्पूर्ण कामकाज ठप्प भएको छ । असार मसान्तभित्र गरिसक्नु पर्ने गाउँसभा अझै हुन सकेको छैन । नयाँ आर्थिक वर्ष शुरु भए पनि गाउँसभा नहुँदा आव ०८२÷८३ को नीति कार्यक्रम तथा बजेट आउन सकेको छैन । समयमै नीति, कार्यक्रम तथा बजेट नआउँदा विकास निर्माणको काम शुरु हुनमा ढिलाई हुने र बिकास निर्माणको बजेट रकम पनि काटिएर आउने छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले असार १० गतेभित्र सबै स्थानीय तहहरुले गाउँ तथा नगर सभा गरि सक्नुपर्ने पत्राचार गरेको थियो । समयमै गाउँसभा नगरे संघ सरकारको अनुदानको रकम नपठाउने मन्त्रालयले चेतावनी समेत दिएको थियो । तर, धोबिनी गाउँपालिकाका जनप्रतिनिधिहरुको आपसी भागबन्डा नमिलेको कारण गाउँसभा हुन सकेको छैन ।
जनप्रतिनिधिहरु बीचको आपसी विवाद र बजेट भागबन्डा कुरा नमिल्दा गाउँसभा हुन नसकेको जनप्रतिनिधिहरुले नै स्वीकार गरेका छन् । गाउँसभाको विषयमा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद खतिवडाले जनप्रतिनिधिहरुले सहमति गरि आएमा आफू गाउँसभा गराउन सहमत रहेको बताए । जनप्रतिनिधिहरु आपसी सहमति गरेर आउनुपर्नेमा उनले जोड दिए । गाउँसभा नहुँदा अहिले दशैंको मुखमा गाउँपालिकाका कर्मचारीहरु, शिक्षा, स्वास्थ्य, कृषिलगायत सयौं कर्मचारीहरु तलब खानबाट बञ्चित भएका छन् । शिक्षकहरुको भने चार महिनाको तलब रोकिएको छ । विगत बर्ष झै यस बर्ष पनि आ–आफ्नो भागमा बढी योजना र बजेट पार्न जनप्रतिनिधिहरुले अडान लिएका कारण गाउँसभामा ढिलाइ भएको बताइएको छ । यसबारे धोबिनी गाउँपालिकाका उपाध्यक्ष मन्जुदेवी कुर्मीले गाउँपालिका अध्यक्ष चौहानले एकलौटी गर्ने खोजेको आरोप लगाइन् । बसेर छलफल गर्नु पर्नेमा गाउँपालिका अध्यक्ष चौहान गाउँपालिका आउन छोडेकोले समस्या भएर गाउँसभा हुन नसकेको उनले बताइन् । यस सम्बन्धमा गाउँपालिका अध्यक्ष चौहानले उपाध्यक्ष र केही वडाअध्यक्षहरुका कारण गाउँसभामा ढिलाई भएको आरोप लगाए । एक/दुई दिनभित्र गाउँसभा हुने उनले बताए ।

# मालपोत कार्यालय जोगाउनेलाई सम्मान



**मधेशदृष्टि**
**सप्तरी ।**
जेन्जी आन्दोलनका बेला मालपोत कार्यालय सप्तरीको अभिलेख र संरचना सुरक्षित राख्न योगदान गर्ने व्यक्तिहरूलाई कार्यालयले विशेष कार्यक्रममार्फत सम्मान गरेको छ । बिहीबार मालपोत कार्यालय सप्तरीले बडादशैंको अवसरमा शुभकामना आदान–प्रदान कार्यक्रमसँगै योगदानकर्ताहरूलाई धन्यवादपत्र प्रदान गरी सम्मान गरेको हो ।
मालपोत अधिकृत अजय झाले धन्यवादपत्र हस्तान्तरण गर्दै भूमिसम्बन्धी संवेदनशील कागजात र भौतिक सम्पत्ति जोगाउन निर्णायक भूमिका खेलेका व्यक्तिहरूको योगदान सराहनीय रहेको उल्लेख गरे ।
धन्यवाद तथा सम्मान प्राप्त गर्नेमा लेखापढी कानुन व्यवसायी एकाइ अध्यक्ष श्रीलाल यादव, मेमो खबर अनलाइनका सम्पादक चन्दनकुमार यादव, मालपोत कार्यालयको मुद्दाफाँटमा कार्यरत खरिदार बैंजु देव, भागवत यादव, कार्यालयका कर्मचारी पवनकुमार मेहता र विनोद यादव रहेका छन् । कार्यक्रममा लेखापढी कानुन व्यवसायी सङ्घका केन्द्रीय सदस्य जयनारायण देवले जिल्लावासीका जग्गा–जमिनसम्बन्धी महत्वपूर्ण अभिलेखहरू सुरक्षित राख्न सकिनु नै ठूलो उपलब्धि भएको बताए । उनले जनताको सम्पत्ति र अधिकारसँग प्रत्यक्ष सम्बन्धित कागजातहरूलाई जोगाउन सफल भएकामा योगदानकर्ताहरूलाई धन्यवाद व्यक्त गरे । मालपोत अधिकृत झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यालयका कर्मचारी, लेखापढी व्यवसायीहरू र सरोकारवाला व्यक्तिहरूको उल्लेख्य सहभागिता थियो ।

# संसद विघटनले संविधान घाइते भयोः महामन्त्री शर्मा



**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाली काँग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले संसद विघटनबाट संविधान घाइते भएको बताउँदै यसलाई फेरी पुर्ण स्वस्थ्य बनाउनु पर्ने आवश्यकतामा जोड दिएका छन् । जेन्जी आन्दोलका क्रममा तोडफोड र आगजनीबाट क्षतिग्रस्त भएका काँग्रेसको राजविराजस्थित जिल्ला पार्टी कार्यालयको बिहीवार निरीक्षण पश्चात सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् । ‘राष्ट्रपतिले गरेको संसद विघटनले संविधान घाइते भएको छ,’ उनले भने, ‘यसलाइ सच्याएर पुनः स्वस्थ बनाउनु पर्ने अहिलेको आवश्यकता हो ।’ आवश्यकताको सिद्धान्त अनुसार राष्ट्रपतिले संविधान विघटन गरेको कुरा चर्चा हुने गरेको प्रसंग कोट्याउँदै उनले संसद बैठकमार्फत पनि यो काम गर्ने अवस्था रहको जिकिर गरे । संसद पुर्नस्थापना वा ताजा जनादेशमा जाने अहिले दुई अवस्था रहेको बताउँदै महामन्त्री शर्माले काँग्रेसले पनि छिट्टै यसबारे निष्कर्षमा पुग्ने प्रयत्न गरिरहेको जानकारी दिए । ‘अगामी केन्द्रिय समितीको बैठकबाट यस कुराको निर्णय हुनेछ,’ नेता शर्माले भने । प्रतिनिधिसभा भंग गरिएको भएपनि राष्ट्पति, राष्ट्रिय सभा, ७ वटै प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तहहरु अस्तित्वमा रहिरहेको बताउँदै उनले जेन्जीको आन्दोलनको भावनालाई समेटदै जनताले पाएको अधिकारलाई संरक्षण गर्दै अझै अधिकार सम्पन्न बनाउने गरी अघि बढ्नु अहिलेको आवश्यकता रहेको बताए । संसद भवन बचाउने क्रममा गोली चलाएर गरिएको ठूलो नरसंहार उचित नभएको जिकिर गर्दै उनले भक्तिएको संरचना पुर्ननिर्माण सम्भव भएपनि गोली हानेर मारिएकाहरुको पुर्नजीवन दिन सम्भव नहुने बताए । सो अवसरमा प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादव, काँग्रेस सप्तरीका सभापति राम्देव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल लगायत काँग्रेसका स्थानिय नेता कार्यकर्ताहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

# छठ पूजा व्यवस्थापन समितिको नयाँ नेतृत्व चयन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको घडिअर्वा छठ पूजा व्यवस्थापन समितिको नयाँ नेतृत्व चयन गरिएको छ । यस वर्षको छठ पूजा आयोजना र व्यवस्थापनका लागि बिहीबार बसेको स्थानीयको भेलाले राकेश साहको अध्यक्षतामा नयाँ समिति चयन गरेको हो ।
गठित नयाँ कार्यसमितिको उपाध्यक्षमा आत्माराम साह कानु, सचिव सन्तोष साह कानु, सहसचिव सौरभ साह, कोषाध्यक्ष कन्हैया गुप्ता, सदस्यहरूमा प्रकाश सिंह, मुन्ना साह, बिदुर कलवार, शम्भु साह कानु, राकेश पाण्डे, उमाशंकर साह लगायतका रहेका छन् । समितिको वरिष्ठ सल्लाहकारमा राजेन्द्र साह, प्रमानन्द साह कानु, प्रमोद साह कानु, रामनगीना साह कानु, बाल्मिकी साह कानु, मदन प्रसाद कलवार, प्रेम साह कानु, हिरालाल साह कानु, वडा नम्बर–१० का वडाअध्यक्ष सुशील साह कानु लगायत रहेका छन् । निवर्तमान अध्यक्ष दिलिप साह कानुको अध्यक्षतामा बसेको बैठकमा वडाअध्यक्ष कानु, घडिअर्वा स्पोट्स क्लबका अध्यक्ष, सचिव लगायतका पदाधिकारी, समितिका पूर्वअध्यक्ष, पूर्व पदाधिकारी, स्थानीय युवा लगायतकाको सहभागिता थियो । नवगठित छठ पूजा व्यवस्थापन समितिको बस्ने पहिलो बैठकले विभिन्न उपसमितिहरु गठन गर्ने र तयारीको कामपनि शुरु गर्ने अध्यक्ष साहले जानकारी दिए ।

# कपडा बैंकलाई कपडा तथा नगद सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
कञ्चनजङ्घा स्कुलले वीरगंज कपडा बैंकलाई कपडा तथा नगद सहयोग गरेको छ ।
स्कुलका प्रधानाध्यापक मार्टिन मोक्तानको नेतृत्वमा ११ बोरा कपडा र २ हजार रुपैयाँ नगद कपडा बैंकका अध्यक्ष लालबाबु सिंहलाई हस्तान्तरण गरिएको हो । कपडा हस्तान्तरण गर्ने अवसरमा प्रधानाध्यापक मोक्तानले सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यार्थीहरूको सक्रियतामा गरिएको सहयोग दिन–दुःखी, असहाय, विपन्न, आगलागी तथा बाढीपीडितलाई राहत पुर्याउने उद्देश्यले गरिएको बताए ।

सम्पादकीय

# चाडपर्व र सवारी जाँचपास वृद्धि

*चाडपर्व नजिकिएसँगै वीरगंज भन्सार नाकाबाट नयाँ सवारीसाधन जाँचपास हुने क्रम बढेको पाइएको छ। दशैँ र तिहारमा नयाँ सवारी साधन खरिद बिक्री बढी हुने गरेकाले चाडपर्व नजिकिएसँगै बर्सेनि वीरगंज भन्सार परिसरमा लामो समयदेखि थन्किएका जिप, कार, भ्यान तथा बस ट्रकका चेसिस जस्ता सवारी साधन जाँचपास भएर छुट्ने गर्छ । भन्सारको राजस्व असुलीमा उत्साहजनक वृद्धिको समय यही हुने गर्छ। यो वर्ष भने इन्धनले चल्ने सवारी भन्दा विद्युतीय सवारीसाधन बढी जाँचपास भएको छ । वीरगंज भन्सार कार्यालयका अनुसार, सिर्सिया सुक्खा बन्दरगाह परिसरका १ सय ४ सवारी साधनको जाँचपास भएको छ।*

*यी सवारी साधनहरु तेस्रो मुलुकबाट आयातित जिप, कार, भ्यान समूहका सवारी धमाधम जाँचपाच भएर बाहिरिँदा भन्सारको यार्ड पनि खाली हुन्छ भने राजस्व पनि आम्दानी हुन्छ । पछिल्लो समय विद्युतीय सवारीमा चिनियाँ डिपल कम्पनीका उत्पादन रोजाइ बढी देखिएको छ । इन्धनले चल्ने सवारीमा टोयोटा कम्पनीका केही कार पनि जाँचपास भएका छन्। तेस्रो मुलुकबाट आयातित ल्यान्डरोभर कम्पनीका सवारी पनि बन्दरगाह परिसरमा छन्। तर केही महँगो भएकाले तत्काल जाँचपास हुने सम्भावना देखिएको छ । बन्दरगाह परिसरमा रहेका अधिकांश सवारी दशैँअघि नै जाँचपास भई छुट्ने सम्भावना पनि रहेको बताइएको छ।*

*एकीकृत सुरक्षा जाँच चौकी परिसरमा ४५ को हाराहारीमा भारत तथा तेस्रो मुलुकबाट आयातित जिप, कार, भ्यान छन्। इन्धनले चल्ने सवारीमध्ये केही सवारी जाँचपास भएर बाहिरिने प्रक्रियाले पनि उत्साह नै जगाएको छ। राजस्व असुलीमा यसले प्रत्यक्ष प्रभाव पार्ने भएकाले चाडपर्वमा यस्तो सवारी साधनका जाँचपास पनि समाचारमा छाउने गर्छ।*

# आन्दोलनले उठाएका आवाज सम्बोधनमा हातेमालो गर्नुपर्छ



सुशीला कार्की

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

१. २०८२ भदौ २३ र २४ गते जेन्जी युवाको अगुवाइमा भएको आन्दोलन र सोपश्चात् माग भएअनुसार मेरो नेतृत्वमा मन्त्रिमण्डल गठन गर्ने आह्वान गरिएअनुसार यही भदौ २७ गते गठन भएको अन्तरिम सरकारको प्रधानमन्त्रीको हैसियतले मेरा आफ्ना अभिमतहरू संविधान दिवसका अवसरमा यहाँहरूसमक्ष सार्वजनिक गरिसकेको छु । हाल समाजका लब्धप्रतिष्ठित व्यक्तिहरू समावेश भएको मन्त्रिमण्डलको गठन भइसकेकाले नेपाली जनताले शासकीय प्रणालीमा परिवर्तन, भ्रष्टाचारको अन्त र सुशासन, चुस्त र प्रविधिमैत्री सार्वजनिक सेवाप्रवाह, विकास र समृद्धिको आकाङ्क्षा राखी गरेको अभूतपूर्व प्रदर्शन र आन्दोलनपश्चात्को जटिल परिस्थितिमा छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने जिम्मेवारीसहित म प्रधानमन्त्री भएको छु।

२. युवापुस्ताले गरेको प्रदर्शन र आन्दोलनका क्रममा मृत्युवरण गर्न पुगेका सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । साथै, सार्वजनिक संरचनाहरू, व्यावसायिक प्रतिष्ठान र निजी घर सम्पत्तिमा भएको अकल्पनीय र अपूरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछु।

३. प्रदर्शनका क्रममा जीवन गुमाउने व्यक्तिहरूलाई सहिद घोषणा गरी निजका शोकसन्तप्त परिवारलाई आर्थिक राहतको व्यवस्था गरिएको छ । साथै, सरकारले घाइतेहरूको निःशुल्क औषधि उपचार तथा क्षतिपूर्तिको प्रबन्ध गरेको छ । यसको अतिरिक्त आन्दोलनका क्रममा जेन्जी विद्यार्थी तथा युवायुवतीले अनाहकमा ज्यान गुमाउनु परेकामा यो सरकार सम्बद्ध दोषीउपर सख्त कानुनी कारबाही गर्ने प्रतिबद्धता जाहेर गर्दछ।

४. यस जटिल परिस्थितिमा मुलुकलाई निकास दिन आगामी फागुन २१ गतेभित्रै स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकारले आवश्यकपर्ने जनशक्ति, बजेट, निर्वाचन सामग्री, सुरक्षा र कानुनी व्यवस्थालगायतका विषयमा निर्वाचन आयोगका पदाधिकारीसँग छलफल गरी आमनिर्वाचनको प्रारम्भिक कार्य सुरु गरिसकेको छ । १८ वर्ष पुगेका जेन्जी युवापुस्तालाई मताधिकार प्रदान गर्ने र मतदाता नामावली अद्यावधिक गर्ने गरी विद्यमान निर्वाचन कानुनलाई अध्यादेशका माध्यमबाट संशोधन गरिसकिएको छ।

५. रोजगारीको सिलसिलामा देश बाहिर रहनुभएका नेपाली नागरिकलाई विदेशबाटसमेत आगामी निर्वाचनमा मतदान गर्नसक्ने सम्भावनाका बारेमा नेपाल सरकारले निर्वाचन आयोगसँग छलफल गरिरहेको छ । वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको मर्यादित रोजगारी तथा तिनका हकहितको संरक्षण एवम् गैरनेपाली नागरिकहरूले उठाएका संविधानसम्मत मागहरूप्रति वर्तमान सरकार सकारात्मक रहेको छ।

६. प्रतिनिधिसभाको आगामी निर्वाचनमा उत्साहका साथ भाग लिन र युवापुस्ताको परिवर्तनको आकाङ्क्षाको प्रतिनिधित्व गर्नसक्ने योग्य जनप्रतिनिधिको चयनका लागि आगामी निर्वाचनमा सहभागी हुन म सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई आह्वान गर्न चाहान्छु । स्वतन्त्र, भयरहित तथा निष्पक्ष निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न सबै राजनीतिक दल, नागरिक समाज, सञ्चारजगत तथा सम्बद्ध सबै सरोकारवालाहरूलाई सक्रिय सहभागिताका लागिसमेत आह्वान गर्दछु । निर्वाचन सम्पन्न हुनका निम्ति शान्तिपूर्ण वातावरण कायम हुनु जरूरी छ । तसर्थ, मुलुकका सबै भौगोलिक क्षेत्रमा बसोबास गर्नुहुने दिदीबहिनी तथा दाजुभाईलाई धैर्यताका साथ शान्तिपूर्ण वातावरण कायम राख्न अनुरोध गर्दछु।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

७. आन्दोलनका क्रममा क्षति हुन पुगेका सुरक्षा निकायका भवनलाई शीघ्र पुनर्निर्माण गर्न सरकार, नीजि क्षेत्र तथा स्वयंसेवक नागरिकहरू जुटिसकेका छन्।ु । त्यसैगरी सुरक्षा निकायलाई आवश्यकपर्ने सवारीसाधन, बन्दोबस्तीका सामान, फर्निचरजस्ता अत्यावश्यक सामग्रीहरूको शीघ्र व्यवस्थागरी सुरक्षा निकायलाई पूर्ववत् रूपमा कार्यस्थलमा परिचालन गर्नेगरी सरकारले कार्य प्रारम्भ गरिसकेको छ।

८. छमहिने कार्यवधि रहेको चुनावी सरकारले आन्दोलनमा अभिव्यक्त सबै काम गर्नसक्ने अवस्था छैन । तापनि हामी कतिसम्म गर्न सक्दछौँ त्यसको इमानदार प्रयास गर्नेछौँ। सरकारी निकायबाट प्रवाह हुने सेवामा सहजता महसुस हुनेगरीबिना झन्झट, कुनै रिसवत नदिइ सेवा प्राप्त हुने कुराको सुनिश्चितता दिलाउन चाहन्छु । भ्रष्टाचारको न्यूनीकरण, विधिको शासन र सामाजिक न्यायको प्रत्याभूतिलगायतका क्षेत्रमा वर्तमान सरकारले दृढताका साथ काम गर्नेछ।

९. सेवाग्राहीको काममा ढिलासुस्ती, मोलमोलाहिजा, काम पन्छाउने, घुस रिसवत माग्ने, अनावश्यक दुःख हैरानी दिने, सेवाग्राहीसँग अपमानजनक व्यवहार गर्नेजस्ता कार्य भएमा उजुरी सुनी सोको तत्काल निराकरण गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकारका सबै मन्त्रालय एवम् तिनै तहका सरकारी कार्यालयमा हटलाइनको व्यवस्था गरिएको छ।

१०. नेपालको संविधान र शासकीय प्रणालीको संशोधनलगायत जेन्जी पुस्ताले आन्दोलनका क्रममा उठाएका विषय वर्तमान अन्तरिम सरकारको कार्यक्षेत्रभन्दा बाहिरको विषय भएकाले युवा पुस्तालगायत परिवर्तन पक्षधर आमनेपाली जनतालाई आगामी निर्वाचनमा सहभागी भई संवैधानिक प्रक्रियाबाटै संविधान संशोधन गर्नका लागि आग्रह गर्न चाहान्छु।

११. नेपाल सरकारले उद्योग, व्यापार तथा व्यापारिक प्रतिष्ठानमा भएको आगजनी तथा तोडफोडबाट प्रभावित उद्योगी व्यवसायीहरूको मनोबल उच्च राख्न आन्दोलनबाट प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठानलाई राहत, कर, छुट, सहुलियत तथा सुविधा प्रदान गरी आर्थिक क्रियाकलाप सहज रूपमा सञ्चालन गर्न एकीकृत व्यावसायिक पुनरुत्थान योजना कार्यान्वयनमा ल्याएको छ।

१२. निजी क्षेत्रको मनोबल वृद्धि गर्न तथा आन्तरिक र अन्तरराष्ट्रिय व्यापारको लागत कम गर्न प्रक्रियागत सुधार प्रारम्भ गरिसकिएको छ । नेपाल सरकारले औद्योगिक तथा व्यापारिक प्रतिष्ठानको सुरक्षा व्यवस्था कायम राख्न उच्च प्राथमिकता दिएको छ।

१३. सरकारले आन्दोलनका क्रममा क्षति हुन पुगेका संरचनाहरू पुनर्निर्माण तथा पुनःस्थापना र आमनिर्वाचन सम्पन्न गर्नका लागि अनुत्पादक खर्च कटौती गर्दै टुक्रे आयोजनाका लागि विनियोजित बजेट खारेज गरेको छ।

१४. आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माणसम्बन्धी कार्यका लागि पुनःस्थापना कोषको स्थापना गरिएको छ। पुनर्निर्माणमा योगदान गर्न चाहने सरकारी, निजी क्षेत्र, सङ्घसंस्था एवम् मित्रराष्ट्रलगायत स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली नागरिकलाई उक्त कोषमा रकम जम्मा गरी सहयोग गर्नुहुन हार्दिक अपिल गर्दछु।

१५. सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गरी सोको पुनर्निर्माण योजना तयारीको कार्य प्रारम्भ गरिएको छ । साथै, क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनर्निर्माण तथा मर्मतसम्भार, सवारीसाधन तथा अन्य मालसामान खरिद प्रकृयालाई छिटो र सरल बनाई नियमित काम र सेवा प्रवाह सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। दुर्गम हिमाली तथा पहाडी जिल्लामा टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच विस्तार गर्ने कार्य प्रारम्भ गरिएको छ।

१६. आन्दोलनका क्रममा भएको तोडफोड, आगजनी, लुटपाट, बलप्रयोगलगायतका घटनाको सत्यतथ्य छानबिन गरी प्रतिवेदन पेस गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको छ।

१७. वर्तमान सरकारले विगतमा भएका भ्रष्टाचारका सन्दर्भमा यो छोटो समयमा स्पष्ट जानकारी पाइसकेको छ। तसर्थ, त्यसको आवश्यक छानबिन गरी दोषीलाई कारबाहीको प्रक्रिया अगाडि बढाउने छ। प्रदर्शनका क्रममा व्यक्तिका निजी घर तोडफोड र आगजनी हुँदा अस्वाभाविक रूपमा देखिएको नगद रकमका सम्बन्धमा सरकारका सम्बद्ध निकायले छानबिनको कारबाही सुरु गरिसकेको छ।

१८. सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका त्याग, बलिदान एवम् सङ्घर्षबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै वर्तमान जेन्जी आन्दोलनले उठाएका आवाजहरूलाई सम्बोधन गर्न सबैले हातेमालो गर्नुपर्ने अवस्था छ । मुलुकको स्वाधिनता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रको रक्षार्थ हामी सबै नेपाली एकताबद्ध भई विवेक पु¥याएर अगाडि बढनुपर्ने परिस्थिति छ। तसर्थ, यस विषम घडीमा मेरो नेतृत्वको अन्तरिम सरकारलाई दिएको जिम्मेवारी पूरा गर्न सबै राष्ट्रप्रेमी नेपाली नागरिकबाट पूर्ण सहयोगको अपेक्षा गर्दछु।

१९. गुणस्तरीय र सम्मानपूर्ण जीवन, आर्थिक विकास र समृद्धि, सामाजिक न्याय र भ्रष्टाचारको अन्त्य जेन्जी युवापुस्ता र हामी सबैको साझा एजेण्डा भएकाले यी लक्ष्य प्राप्तिमा कत्ति पनि समय खेर नफाली आम नागरिकले आआफ्नो क्षेत्रबाट योगदान गर्नुपर्ने खाँचो देख्दछु।

२०. युवा पुस्ताको सोच र भावनाबमोजिम सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूले आफूलाई रूपान्तरण गरी नागरिकको अपेक्षा पूरा गर्ने कार्यमा अग्रसर भइ उच्च मनोबलका साथ आफ्नो जिम्मेवारी बहन गर्न आह्वान गर्दछु। मनोबल कमजोर पार्ने खालका क्रियाकलाप एवम् गतिविधिमा संलग्न नभई आफ्नो तोकिएको जिम्मेवारी पूरा गर्ने पक्षमा क्रियाशील हुन राष्ट्रसेवक एवम् सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछु।

२१. आसन्न चाडपर्वहरूमा खाद्यान्नलगायत उपभोग्य सामग्रीहरूको आपूर्ति, यातायातको सहज प्रबन्ध र सुरक्षा व्यवस्थालाई मजबुत बनाउन राज्यका सबै संयन्त्रलाई सक्रिय बनाइएको व्यहोरा जानकारी गराउन चाहान्छु।

२२. अन्तमा, २०८२ सालको बडादसैँ, तिहार, नेपाल संवत्, छठलगायतको पर्वको अवसरमा समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै आन्दोलनका घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

# बसाइँसराईले बाँझिदै खेतीयोग्य जमिन

प्रेमनारायण आचार्य

सन्धिखर्क नगरपालिका–९ गौचौरमा पाँच घर परिवार बसोबास गर्थे। अहिले गाउँ खाली भएको छ । सन्धिखर्क–९ कै घर्तीखोर, दीप, ओढारपानी, बढाचौर, कुँडापानीलगायतका गाउँमा वर्षेनी बसाइँ सर्नेहरुको संख्या बढ्दा घर खाली हुँदै गएका छन् । अर्घा रजस्थल माविका शिक्षक छविलाल चुँदालीका अनुसार गाउँबाट बसाइँसराइ गरेर जाने बढेपछि विद्यार्थीको संख्या घटेको छ । साढे पाँच सय विद्यार्थी हुने अर्घा रजस्थल माविमा अहिले दुई सय विद्यार्थी छन्।

पहिले गाउँमा मोटरबाटो थिएन । गाउँलेहरु बुटवल र पत्थरकोट पुगेर ढाकरमा नुन तेल बोकेर ल्याउँथे । घरघरमा धारा थिएन, पँधेराको पानी पिउँथे, घाँस–दाउरा गर्थे। अहिले समय बदलिएको छ । गाउँमा पक्की बाटो पुगेको छ। खानेपानीको सुविधा छ। बिजुली पुगेसँगै इन्टरनेटको सुविधा छ। गाउँमै आधारभूत स्वास्थ्य सेवाको पहुँच छ। बिरामी भए अस्पताल जान गाउँगाउँमा एम्बुलेन्स पुग्न सक्छन् । लामो समयसम्म विकास पुग्न नसकेका गाउँ अहिले आधुनिक सुविधाको पहुँचले शहरको सुविधाको झल्को पाइन्छ।

शितगङ्गा नगरपालिका–११ छापमा केही वर्ष अघिसम्म ४५ घर परिवार बसोबास गर्थे। अहिले सबै घर बसाइँ सरेर अन्यत्र गएपछि गाउँ खाली भएको छ। त्यसैगरी ५० घर रहेको दुम्सी गाउँ पनि अहिले रित्तिएको छ। बसाइँ सरेर सिंगो गाउँ हिडेपछि खेतबारी बाँझिएका छन् । शितगङ्गा नगरपालिका–१० सिद्धाराका अगुवा माधवप्रसाद पौडेल गाउँ नै रित्तो बनाएर उनीहरु कपिलवस्तुको लुङ्ग्री, मौवावारी, खयरभट्टी, ढोडेनीमा बसाइँ सरेर गएको बताउनुहुन्छ । सिद्धाराकै झाते, पात्ले, उनाए गाउँबाट बसाइँ सर्ने बढ्दै गएपछि गाउँहरु खाली हुँदै गएका छन्।

**बसाइँसराईको विकराल अवस्था**

अर्घाखाँचीका छ वटै पालिकाबाट तराई झरिरहेका छन्। बसाइँसराई तीव्र भएपछि खेतीयोग्य जमिन बाँझिदै छन्। तीव्र बसाइँसराईले अर्घाखाँचीमा खेतीयोग्य जमिन बाँझिदै गएको छ । एक दशकमा सात हजार ३६२ हेक्टर जमिन बाँझिएको छ। खेतीयोग्य जमिन बाँझिदै जाँदा आगामी दिनमा खाद्य सङ्कट निम्तिन थालेको छ । कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार ३० वर्षअघि ४५ हजार ७१२ हेक्टर क्षेत्रफलमा खेती हुन्थ्यो । २०७० मा खेतीयोग्य जमिन घटेर २८ हजार ६०९ हेक्टरमा खुम्चिएको थियो।

कृषि ज्ञान केन्द्रका प्रमुख बुद्धिराज घिमिरेका अनुसार अहिले २१ हजार २४७ हेक्टर क्षेत्रफलमा खेती हुन्छ । दशकमै सात हजार ३६२ हेक्टर खेतीयोग्य जमिन बाँझो भएको छ । सन्धिखर्क–९ गौचौरका पोमनारायण पौडेल भन्नुहुन्छ, 'गाउँमा मानिसको संख्या कम भएसँगै जङ्गली जनावरबाट खेतीपाती जोगाउन सकस भयो। गाउँबाट धमाधम बसाइँ सरेपछि एक्लिदै बस्न अप्ठारो भयो। सकेसम्म गाउँमै बस्नुपर्छ भनेको म पनि अहिले बुटवल आएर बसेको छु।' 'पहिले टारी तथा बगरमा खेत बनाएर धान र गहुँ खेती गरिने गरेको बताउँदै उहाँ भन्नुहुन्छ, 'खेतबारी बाँझै राख्नुहुन्न भनेर सम्भव भएसम्म खेती लगाइन्थ्यो । अहिले नयाँ खेत र बारी बनाउने क्रम रोकिएको छ । बरु खेती हुँदै आएका खेत र बारी बाँझिएका छन्। खेतबारीमा अहिले खर र बनमाराले ढाकेको छ।'

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको व्यक्तिगत घटना दर्ताको तथ्याङ्कअनुसार जिल्लाको बसाइँसराई दर विकराल छ । अर्घाखाँचीबाट पाँच वर्षयता पाँच हजार ८२ घरपरिवारले बसाइँ सरेका छन्। अर्थात एक घरमा पाँच जनाको हिसावले औसत निकाल्दा पनि झण्डै २५ हजार मानिसले जिल्ला छाडेका छन् । पालिकागत बसाइँसराइको अवस्था हेर्दा शितगङ्गा नगरपालिकामा एक हजार ६४४, सन्धिखर्क नगरपालिकामा ७१७, भूमिकास्थान नगरपालिकामा ६७३, पाणिनी गाउँपालिकामा ८०१, छत्रदेव गाउँपालिकामा ७१२ र मालारानी गाउँपालिकामा ५३५ घरपरिवार बसाइँसराई गरेर अन्यत्र गएका छन्।

विसं २०६८ को राष्ट्रिय जनगणनाअनुसार अर्घाखाँचीको कुल जनसंख्या एक लाख ९७ हजार ६३२ थियो । २०७८ को राष्ट्रिय जनगणनाअनुसार यहाँको जनसंख्या एक लाख ७७ हजार ८६ रहेको छ। दश वर्षको जनसंख्या हेर्दा २० हजार ५०० घटेको छ।

आर्थिक वर्ष २०८०–८१ मा जिल्लामा धान, मकै, गहुँ, कोदो, फापरलगायतका खाद्यान्न ८६ हजार ४३८ मेट्रिकटन उत्पादन भएकामा उपभोगका लागि प्रशोधित खाद्यान्न ६५ हजार ५४१ मेट्रिक टन थियो । २०७९ सालको प्रक्षेपित जनसंख्या एक लाख ७९ हजार ४७७ रहेको थियो । औसतमा जिल्लामा एक व्यक्तिका लागि प्रतिवर्ष २०१ केजी खाद्यान्न आवश्यक पर्छ । जिल्लामा उत्पादन भएको खाद्यान्नलाई औसतमा प्रतिव्यक्ति ३६५ केजी पुग्ने तथ्याङ्क रहेको कृषि ज्ञान केन्द्रका प्रमुख घिमिरेको भनाइ छ।

खाद्य सुरक्षाको हिसावले अर्घाखाँची जिल्ला पूर्णसुरक्षित देखिन्छ तर मकैको प्रयोग पशु चौपायालाई धेरै हुन्छ । पशुपंक्षीको दानाका लागि मकै खपत हुन्छ भने तराईबाट चामल झिकाउने क्रम बढेको छ । आर्थिक वर्ष २०७५–७६ मा सात हजार ४२५ हेक्टर क्षेत्रफलमा धान खेती हँुदै आएकोमा अहिले त्यो क्षेत्रफल घटेर छ हजार ३५४ हेक्टरमा झरेको छ। धान खेती गरिएको जमिनको क्षेत्रफल घटे पनि धानको उत्पादनमा भने कमी नआएको कृषि ज्ञान केन्द्रका अधिकृत टिकाराम न्यौपाने बताउनुहुन्छ । आव २०७५–७६ मा २४ हजार १३१ मेट्रिकटन धान उत्पादन भएकामा गत आव २०८०–८१ मा २५ हजार ८८७ मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क रहेको छ।

कृषि ज्ञान केन्द्रका प्रमुख घिमिरेका अनुसार तीव्र बसाइँसराई र बाँझिदै गएको खेतीयोग्य जमिनले खाद्य सङ्कटको जोखिम बढेको छ। अहिले खेती गर्ने नयाँ प्रविधि, उन्नत जातको बिउ र रासायनिक मलको प्रयोगले उत्पादन बढ्दा उत्पादनमा कमी नआए पनि खेतीयोग्य जमिन बाँझिदै गएकाले खाद्य सङ्कट निम्तिने उहाँको भनाइ छ।

**पालिकाको सकारात्मक पहल**

स्थानीय, प्रदेश र सङ्घीयका निर्वाचनहरुमा राजनीतिक दलले जिल्लाको बसाइँसराई रोक्न विशेष योजना सञ्चालन गर्ने तथा युवालाई गाउँमै स्वरोजगार बनाउने कार्यक्रम सञ्चालन गर्ने आश्वासन दिए पनि कार्यान्वयन हुन नसक्दा बसाइँसराई मुख्य चुनौतीको रूपमा रहेको छ । त्यसो त कतिपय पालिकाले युवालाई गाउँमै आकर्षित गर्ने कार्यक्रम ल्याएका छन् । कृषकले उत्पादन गरेका अर्गानिक कृषिजन्य वस्तुको बजारीकरण तथा गुणस्तरीय मल र बिउका लागि समस्या हुन नदिन सन्धिखर्क नगरपालिकाले जनता एग्रो एण्ड फरेष्टी लिमिटेड काठमाडौसँग सहकार्य गरेर काम गरेको छ।

सन्धिखर्क नगरपालिका र पाणिनी गाउँपालिले उत्पादित अर्गानिक कृषिजन्य बस्तुको समर्थन मूल्यमा बजारीकरण तथा सुनिश्चितका लागि जनता एग्रो एण्ड फरेष्टी लिमिटेड काठमाडौसँग सम्झौतासमेत गरेका छन् । विदेशमा रोजगारी गरेर फर्किएर व्यावसायिक बाख्रापालन सुरु गरेका मालारानी–६ गौराडाडाँका कृषक प्रेमबहादुर घर्तीमगरले गउँपालिकाले हेफरको साझेदारीमा बाख्रापालनमा विभिन्न किसिमको सहयोग गरेकाले सहज भएको बताउनुहुन्छ।

मालारानी गाउँपालिका र हेफर परियोजना नेपालको आर्थिक तथा प्राविधिक सहयोग र ग्रामीण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्रको सहजीकरणमा मालारानी गाउँपालिकामा सञ्चालन भएको मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजना मालारानीका नौ वटै वडामा सञ्चालन भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले बताउनुभयो। पूर्वसांसद पुष्पा भुसाल विकासको प्रतिफल नागरिकको अपेक्षाअनुसार नहुँदा बसाइँसराई रोकिन नसकेको बताउनुहुन्छ । विकाससँगै रोजगारी र उद्यमशीलता बढाउन सक्दा बसाइँसराई रोक्न सकिने उहाँको भनाइ छ।

सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठ पनि भुसालको भनाइसँग सहमत हुनुहुन्छ । शिक्षा, स्वास्थ्य र रोजगारीका लागि बसाइँसराई भएकाले उद्यमशीलता बढाउने कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ । सुपा देउराली, अर्घाभगवती, पाणिनी तपोभूमि, खाँचीकोट भगवती, छत्र महाराज, मालारानी, नर्सिंह स्थान, सिद्धेश्वर शिवालयलगायतका ठाउँमा पर्यटनको सम्भावनासम्बन्धी एकिकृत योजना ल्याउनसके बसाइँसराई रोकिने देखिन्छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# घटस्थापनापछि एक लाख ३८ हजार यात्रुले काठमाडौँ छाडे

**काठमाडौँ।**
घटस्थापना पछिका तीन दिनमा एक लाख ३८ हजार दुई सय ९६ यात्रुले काठमाडौँ छाडेका छन्। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार असोज ६ गते (घटस्थापना)का दिन ४० हजार ९२३, असोज ७ गते ३९ हजार ८१४ र असोज ८ गते ५७ हजार ५५९ यात्रुले काठमाडौँ छाडेका हुन्।

कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) नरेश सुवेदीले देशका विभिन्न क्षेत्रबाट काठमाडौँ उपत्यकामा अध्ययन, व्यापार व्यवसाय, रोजगारीको लागि आएकाहरु दसैं मनाउन घर जान थालेको जानकारी दिए। उनका अनुसार उक्त तथ्याङ्क थानकोट, साँगा, दक्षिणकाली र बालाजु नाकाबाट उक्त यात्रुहरु गन्तव्यस्थलमा गएकाहरुको हो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वारले पानी परेका कारण राजमार्गमा पहिरो जाँदा सवारी साधनलाई आवतजावतमा समस्या परेको बताए। 'मुग्लिङ–नारायणघाट सडकखण्डमा पहिरो जाँदा घण्टौँसम्म सवारी साधन बाटोमा रोकिएका छन्, जसका कारण समयमै काठमाडौँमा बस नआउँदा यात्रुलाई गन्तव्यस्थलसम्म पठाउन समस्या भएको छ,', अध्यक्ष स्वारले भने।

काठमाडौँ गोँगबुस्थित राष्ट्रिय बसपार्क नयाँ बसपार्कमासमेत दसैँमा घर जाने यात्रुको चाप बढ्न थालेको छ । नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउदेश्यीय प्रालिका महाप्रबन्धक सुनिल कुँवरले नयाँ बसपार्कबाट दैनिक ५०० बस बाहिरिन थालेको बताए।

उनले अरु समयमा दैनिक औसतमा दुई सय ५० बस बाहिरिए पनि अहिले उक्त सङ्ख्यामा वृद्धि भएको बताए। यात्रुको सहजताका लागि काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले विभिन्न सङ्घ संस्थाको सहकार्यमा काठमाडौँ उपत्यकाको १५ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको छ ।रासस

# शिक्षामन्त्री पुनसमक्ष विद्यालय कर्मचारीको ध्यानाकर्षण

**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनसमक्ष नेपाल विद्यालय कर्मचारी परिषद्ले सामुदायिक विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्नुपर्ने लगायत माग प्रस्तुत गरेको छ ।

परिषद्ले विद्यालय कर्मचारीका लामो समयदेखि थाँती रहेको समस्या र विगतमा सरकारसँग भएका सहमतिका आधारमा उचित सम्बोधनका लागि शिक्षामन्त्री पुनलाई आज केशरमहलस्थित मन्त्रालयमा भेटेर आग्रह गरेको जनाइएको छ ।

परिषद्का केन्द्रीय अध्यक्ष गङ्गाराम तिवारीले शिक्षामन्त्री पुनले आफूलाई विद्यालय कर्मचारीका समस्या थाहा भएको र चाडपर्वपछि आपसमा बसेर के सम्बोधन गर्न सकिन्छ गरौँला भन्ने आवश्वासन दिनुभएको जानकारी दिए । मन्त्री पुनले वर्तमान सरकार



निर्वाचन गराउने मुख्य दायित्वका साथ आएकाले धेरै अपेक्षा नगर्न पनि आग्रह गरेका छन ।

परिषद्का बागमती प्रदेश कमिटीका अध्यक्ष रामशरण फुयाँलले प्रत्येक सामुदायिक विद्यालयमा एक कम्प्युटर शिक्षकको दरबन्दी राख्न शिक्षामन्त्री पुनको हालैको निर्देशनलाई सकारात्मक मान्दै कम्प्युटरमा क्षमतावान लेखापाललाई नै उक्त दरबन्दीमा रुपान्तरण गर्न सकिने सुझाव मन्त्री पुनलाई दिइएको बताए । प्रदेश अध्यक्ष फुयाँलले त्यती रकमले कसरी ती कर्मचारीले परिवार पाल्ने भन्ने विषयमा गम्भीर भएर सोच्न मन्त्रालयलाई ध्यानाकर्षण गराइएको बताए ।सर्वोच्च अदालतको २०६७ माघ २३ को आदेशमा कर्मचारीको सेवा, शर्त, सुविधा उल्लेख गरी सर्भिस ल बनाइ कार्यान्वयन गर्न उल्लेख गरिए पनि हाल विद्यालयका लेखापालले मासिक १५ हजार रुपैयाँ र कार्यालय सहायकले १० हजार रुपैयाँ पाउँदै आएका छन् । सङ्घीय संसदमा विचारधीन रहेको विद्यालय शिक्षा विधेकमा विद्यालय कर्मचारीलगायतका समस्या सम्बोधनको पहल गरिएको भए पनि प्रतिनिधिसभाको विघटन भएकाले अहिले कानुन बन्ने स्थिति छैन ।रासस

# मन्त्री घिसिङ र स्वीस राजदूतबीच भेटवार्ता

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ र नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत डेनिएल मेउलीबीच शिष्टाचार भेटवार्ता भएको छ ।

सिंहदरबारस्थित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा भएको भेटमा मन्त्री घिसिङलाई राजदूत मेउलीले स्वीट्जरल्याण्डकातर्फबाट बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन ।

भेटमा स्वीस सरकारको सहयोगमा हाल सञ्चालित आयोजनाको कार्यान्वयन अवस्था, अल्पकालीन र दीर्घकालीन रुपमा सहयोग गर्न सकिने क्षेत्रहरु, स्वीस लगानी, द्विपक्षीय सहयोग लगायतका विषयमा छलफल भएको थियो ।

स्वीस सरकारबाट नेपालको विकासमा उपलब्ध गराइएको सहायताका लागि धन्यवाद दिँदै मन्त्री घिसिङले जेनजी आन्दोलनपछि गठित सरकारको प्रमुख प्राथमिकता चुनाव, आन्दोलनका कारण क्षति पुगेका सार्वजनिक तथा सरकारी संरचनाको पुनःनिर्माण र सुशासन कायम गर्दै युवामा आशा जगाउने रहेको उल्लेख गरे ।

उनले विद्युतीय सवारीसाधन प्रवद्र्धन, घरयासी प्रयोजनमा विद्युत्लाई इन्धनको रुपमा प्रयोग गर्न प्रोत्साहन, स्वीट्जरल्याण्डले सडक यातायातमा प्रयोगमा ल्याएको सुरुङ प्रविधिलाई नेपालमा अनुशरण, हरित हाइड्रोजन ऊर्जाको प्रवद्र्धन, साना उद्योग स्थापनामार्फत रोजगारी सिर्जना गर्न आवश्यक तालिमका लागि सहयोग उपलब्ध गराउन आग्रह गरे ।

हाल स्वीस सरकारको सहयोगमा साना सिँचाइ कार्यक्रम, पुल, सिद्धबाबा सुरुङमा प्राविधिक सहयोग, रोजगारमूलक सीप विकास तालिमलगायतका कार्यक्रम सञ्चालित छन् । राजदूत मेउलीले नेपाल ऊर्जा तथा पूर्वाधार निर्माण क्षेत्रमा सहयोग गर्न स्वीस सरकार सधैं तयार रहेको बताए ।रासस

# राष्ट्रपतिसमक्ष दलित आयोगको वार्षिक प्रतिवेदन पेस



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राष्ट्रिय दलित आयोगले गत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गरेको छ । आयोगका अध्यक्ष देवराज विश्वकर्माले बिहिवार राष्ट्रपतिको कार्यालयमा आयोजित कार्यक्रममा नेपालको संविधानको धारा २९४ बमोजिम सो प्रतिवेदन पेस गरेका राष्ट्रपतिको कार्यालयले जनाएको छ । दलित आयोग नेपालको संविधानको धारा २५५ मा व्यवस्थित संवैधानिक आयोग हो । यसले दलित समुदायको हित अभिवृद्धि गर्न जातीय छुवाछुत, उत्पीडन एवम् विभेद अन्त्यका लागि पहल गर्दै आएको छ । दलितसँग सम्बन्धित उपयुक्त राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष प्रतिवेदन पेस गर्ने आयोगको मुख्य काम हो ।रासस

# गन्नीगाडमा एक मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण हुने

**बैतडी।**
बैतडीको डिलाशैनी गाउँपालिकामा गन्नीगाड साना जलविद्युत् आयोजना निर्माण हुने भएको छ।

डिलाशैनी –१ र २ मा रहेको गन्नीगाड खोलको पानी सदुपयोग गर्ने कञ्चन ऊर्जा प्रालिले उक्त आयोजना निर्माण गर्ने भएको हो । एक मेगावाट क्षमता उक्त आयोजनाको हालै शिलान्यास गरिएको छ । सो अवसरमा प्रवद्र्धक कम्पनी अध्यक्ष अनिश गौतम, स्थानीय जनप्रतिनिधि जनकुमार घरडी र इञ्जीनीयर डा कृष्णप्रसाद दुलालको उपस्थिति रहेको थियो।

कञ्चन ऊर्जा प्रालि र नेपाल विद्युत् प्राधिकरणवी २०८० मंसिर १९ गते आयोजनाको विद्युत खरीदबिक्री सम्झौता भइसकेको अध्यक्ष गौतमले बताए। उनका अनुसार अबको एक वर्ष ६ महिनापछि विद्युत् उत्पादन गरिसक्ने लक्ष्यसहित दसैँपछि आयोजना निर्माण धमाधम गरिने छ।

आयोजनाले उत्पादनको गरेको विद्युत बलाँच सवस्टेशनमार्फत राष्ट्रिय प्रणालीमा जोडिने कम्पनीका प्रतिनिधि दीपेन्द्रबहादुर रानाले बताए । आयोजनामा लगानी गर्न इच्छुक स्थानीय प्रभावित तथा जिल्लावासीका लागिसमेत लगानीको अवसर प्रदान गरिने जनाएको छ। रासस

# डा. भट्टराईद्धारा पार्टीको अध्यक्ष पद त्याग

**काठमाडौँ ।**
नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले पार्टीको अध्यक्ष पद त्याग गरेको घोषणा गरेका छन ।

बिहिवार पत्रकार सम्मेलन गरी अध्यक्ष भट्टराईले परिवर्तित राजनीतिक सन्दर्भमा नयाँ पुस्ताले अब मुलुकको नेतृत्व गर्नुपर्ने महसुस गरी नेसपा (नयाँ शक्ति) को अध्यक्ष पदबाट अलग भएको स्पष्ट गरे ।

डा भट्टराईले भने, 'राजनीतिक दलभित्र पुस्तान्तरण अपरिहार्य छ । नयाँ शक्ति र युवा पुस्ताका लागि मार्ग प्रशस्त गर्न आवश्यक रहेकाले पार्टीको अध्यक्ष पदबाट अलग भएको छु । तर, वैकल्पिक शक्ति निर्माण र समाज रूपान्तरणको अभियानलाई निरन्तरता दिन सदैव लागि रहने छु ।'

उनले सुशासनका पक्षमा भएको 'जेनजी' युवाहरुको आन्दोलन जायज भए पनि केही नेता र बाहिरी शक्तिले त्यसलाई बदनाम गर्न खोजेको बताए । भ्रष्ट नेतामाथि कारबाही हुनुपर्ने माग उठिरहेको सन्दर्भलाई इङ्गित गर्दै पूर्वप्रधानमन्त्री भट्टराईले भने, 'त्यसका लागि युवा पुस्ताबाट देशव्यापी रुपमा दबाब सिर्जना गर्न आवश्यक छ, भ्रष्ट जो कोही पनि कानुनको दायरामा आउनुपर्दछ ।'



उनले भने, 'अध्यादेश मार्फत संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्नुपर्ने र निर्वाचन तथा शासकीय प्रणालीमा सुधार नगरे मुलुक थप जटिलतामा फस्ने छ, त्यसतर्फ सम्बद्ध सबैको ध्यान जान जरुरी छ ।' नेसपाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री भट्टराईले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनमा संस्थागत सहभागितासहित 'जेनजी' युवाहरुले देशको नेतृत्व लिनसक्नुपर्ने धारणा व्यक्त गरे ।रासस

# मतदाता नामावली सङ्कलन शुरु

**काठमाडौँ।**
निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनका लागि बिहिवारदेखि मतदाता नामावली सङ्कलन सुरु गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलबाट अध्यादेशमार्फत मतदाता नामावली ऐन, २०७३ संशोधन भएपछि आयोगले आगामी कात्तिक ३० गतेसम्मका लागि मतदाता नामावली सङ्कलन सुरु गरेको हो।

सोह्र वर्ष उमेर पूरा भई नेपाली नागरिकता प्रमाणपत्र प्राप्त नेपाली नागरिकले सार्वजनिक बिदाका दिनबाहेक हरेक दिन बिहान ८:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा नाम दर्ता गर्न सकिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । आयोगका प्रवक्ता भट्टराईका अनुसार १६ वर्ष पूरा भएकाहरुले मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने तर १८ वर्ष उमेर पूरा भएपछि मात्र मतदानको अधिकार प्राप्त गर्नेछन्।

आयोगको वेबसाइटमार्फत् 'प्रि–रजिष्ट्रेशन' प्रणालीबाट फारामभरी सम्बन्धित निर्वाचन कार्यालयमा जैविक विवरण उपलब्ध गराउन आयोगले आग्रह गरेको छ । आयोगले मतदाता सूचीमा नाम भएका मतदाताको विवरण सच्याउनुपर्ने भएमा पनि सोही अवधिमा सच्याउन सकिने जनाएको छ।

आयोगले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ मा संशोधनलगायत आवश्यक स्रोतसाधनको सुनिश्चितताका लागि नेपाल सरकारसँग आग्रह गर्दै आएको थियो। हाल आगामी कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पुग्ने मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० रहेका छन् । नामावली सङ्कलन पुन सुरु गरेसँगै युवा मतदाताको सङ्ख्या वृद्धि हुनेछ।

यसअघि तोकिएको उपनिर्वाचनको मितिअनुसार गत असार १६ गतेदेखि मतदाता नामावली सङ्कलन स्थगन भएकामा मध्यावधि निर्वाचनको मिति घोषणा भएपछि अध्यादेशबाट कानुन संशोधन गरी मतदाता नामावली सङ्कलन खुला गरिएको हो।

गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शन र उत्पन्न परिस्थितिमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन तथा प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति घोषणा गरिएको थियो । प्रधानमन्त्री कार्कीसँग आयोगका पदाधिकारीले यही असोज ७ गते निर्वाचनका लागि कानुन संशोधन र व्यवस्थापकीय तयारीबारे छलफल गर्नुभएको थियो।रासस

# मन्त्री बन्न लागेकी डा.संगीताको नाम काटिंदा तरंग–'अन्याय मात्र होइन अत्याचार नै भयो'

**काठमाडौं।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मन्त्रीका रुपमा डा.संगीता कौशल मिश्रको नाम गत आइतबार सिफारिस भएर अन्तिम समयमा सोमबारका दिन काटियो।

भ्रष्टाचारलगायतका मुद्दा विचाराधिन एवम छानविनका क्रममा रहेको भनी समाचारहरु आएपछि सुशीला कार्की नेतृत्वको सरकारले उनको हटायो । नाम हटाइएपछि उनको पक्ष र विपक्षमा ब्यापक बहस भइरहेको छ।

यसअघि स्वास्थ्य सचिवका लागि पहिलो वरीयतामा डा.मिश्रलाई सिफारिस गरिएपनि तत्कालिन केपी शर्मा ओली सरकारले दोस्रो वरीयतामा रहेका डा.विकास देवकोटालाई सचिवमा बढुवा गरेपछि ड.मिश्र आफू अन्यायमा परेको भन्दै ६ महिना विदामा बसेकी थिइन्।

आफू अन्यायमा परेको सार्वजनिक अभिव्यक्ति दिएकी उनी नेपालका मुलधारका मिडियाको मुख्य समाचार समेत बनेकी थिइन् । तत्कालिन स्वास्थ्यमन्त्री प्रदिप पौडेलबाट धोका भएको भन्दै सार्वजनिक मन्चमा ओली सरकारको कडा आलोचकका रुपमा देखिएकी डा.मिश्रलाई जेनजी आन्दोलनपछि बनेको कार्की नेतृत्वको सरकारले मन्त्रीमा सिफारिस गरेपछि सर्वत्र चासोको विषय बनेको थियो।

तर भ्रष्टाचारको मुद्दा विचाराधिन रहेको कुरा एकाएक मिडियाहरुले चर्काएपछि कार्कीले उनको नाम राष्ट्रपति समक्ष पठाएर शपथ खुवाउन सकिनन्।

मिडिया हुँदै सामाजिक संजालमा आलोचना हुन थालेपछि कार्की ठूलो दबाबमा पर्दा उनको नाम शपथका लागि राष्ट्रपतिसमक्ष पठाउन सकिनन् । जसका कारण डा. मिश्राको नाम अन्तिम समयमा होल्डमा राखेर अन्य चार जनालाई शपथपछि पदभार नै ग्रहण गरिसकेका छन्।

डा.संगीता यौन तथा प्रजनन् स्वास्थ्य विशेषज्ञ र प्रसूति तथा स्त्री रोग विशेषज्ञ डा.मिश्र अतिरिक्त सचिवबाट सोझै मन्त्रीमा सिफारिस हुने संभवत पहिलो महिला हुन्।

गत वर्षको फागुनमा डा .देवकोटा सचिवमा बढुवा भएपछि आफू अपमानित भएको र अन्यायमा परेको बन्दै ६ महिना विदामा बसेर कार्की नेतृत्वको सरकार बनेपछि मन्त्रालय हाजिर भएकी थिइन् । विभिन्न प्रतिष्ठित व्यक्तिहरुलाई स्वास्थ्य मन्त्रीमा कार्की नेतृत्वको सरकारले प्रस्ताव गर्नेक्रममा डा.मिश्रालाई पनि प्रस्ताव गरिएको हो।

तत्कालीन स्वास्थ्यमन्त्री प्रदिप पौडेलले कनरमा पारेर सचिवमा बढुवा नगरेको भन्दै विशेषगरी तराई मधेश मुलका नेता एवमा अभियन्ताहरुले मन्त्री पौडेल र प्रधानमन्त्री ओलीको चर्को आलोचना मात्र गरेनन् 'मधेशी मुलकी महिला'लाई अपमान गरेको अभिव्यक्ति समेत दिएका थिए।

तर मन्त्रीका रुपमा सिफारिस भएलगत्तै भ्रष्टाचारको मुद्दा विचाराधिन रहेको बताइएपनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आधिकारिक जानकारी दिएको छैन् । तर डा.मिश्राको विषयलाई लिएर पक्ष र विपक्षमा बहस भइरहेको छ।

कतिपयले सरकारको कडा आलोचना गरेका छन् भने कतिपयले आन्दोलनको स्प्रिट अनुसार नियुक्ती गर्न नसकिने जनाउँदै आएका छन्।

लेखक एवम विश्लेषक तुलानाराण शाहले डा. मिश्राका पक्षमा खुलेर अभिव्यक्ति दिएका छन्। 'पहिला अन्याय भयो, अहिले अत्याचार हुँदैछ !' शिर्षकमा लामो लेख सामाजिक संजालमार्फत व्यक्त गरेका छन्।

त्यस्तै स्वतन्त्र नेता अमरेश कुमार सिह, ट्रेड युनियनका नेता अजयकुमार राई, कांग्रेस नेता विमलेन्द्र निधि, ललित रौनियारलगायतले डा.मिश्रामाथि अत्याचार भएको संकेत गरेका छन्।

'पहिला अन्याय भयो, अहिले अत्याचार हुँदैछ !'(तुलानाराण शाह) भन्दै शाहले अगाडि लेखेका छन्–

केही महिनाअघि ओली सरकारको पालामा स्वास्थ्य मन्त्रालयको सचिव पदमा बढुवाको क्रममा डा.संगीता मिश्रासँग अन्याय भएको थियो।

प्रतिस्पर्धीहरुमध्ये सबैभन्दा बरिष्ठ हुँदाहुँदै डा.संगीता विरुद्ध उनकै सहकर्मी कर्मचारीहरु र सत्ता गठबन्धनका प्रमुख घटक नेपाली काँग्रेस सम्बद्ध नेताहरुले षडयन्त्र गरेका थिए। त्यसबारे उतिबेलै यथेष्ठ चर्चा भइसकेको छ। त्यस विरुद्ध उनको कानुनी लडाइ जारी नै छ।

राजनीतिमा पुस्तान्तरण र सरकार संचालनमा शुसासनको नारा दिएर बनेको शुसीला कार्की नेतृत्वको सरकारले फेरी उनै डा।संगीतामाथी अत्याचार गरिराखेको छ।

मन्त्रीमण्डलका जिम्मेबार सदस्यले भेटन बोलाएर, मन्त्री बनिदिनुपर्यो भन्दै आग्रह गरेर, प्रधानमन्त्रीसँग भेट गराएर, हुँदाखाँदाको १२ औँ तहको अतिरिक्त सचिव पदबाट राजीनामा गर्न लगाएर, नयाँ नियुक्त हुने मन्त्रीहरुको सुचीमा उनको नाम राखेर राष्ट्रपति कार्यालय समेत पठाइसकेर, मिडियामा सार्वजानिक गरिसकेर अन्त्यमा उनीमाथी 'अख्तियारले छानबीन गरिराखेको' भन्दै शपथ ग्रहण रोकिएको छ।

पहिला अयोग्य छौ भनेर सचिव बनाइएन, अहिले भ्रष्ट छौ भनेर मन्त्री बन्नबाट रोकिदैछ !

सरकारको उच्च तहका मेसिनरी र नेतृत्वको संलग्नतामा कुनै नागरिकको व्यक्तिगत, पेशागत र सार्वजानिक जीवनमाथी यो तहको खेलबाड गर्न मिल्छरु के नेपालमा मन्त्री बन्नका लागि पहिला अख्तियारबाट कुनै उजुरी परे नपरेकोबारे सिफारिस पेश गर्नुपर्ने कानुनी प्राबधान छ ? यदी थियो भने प्रधानमन्त्री कार्यालयले उल्लेखित सबै कार्यहरु गर्नुभन्दा पहिला ती कुराहरु किन जानकारीमा लिएनन् ? के अहिलेको अरु कुनै पनि मन्त्रीहरुमाथी अख्तियार वा अदालतमा भ्रष्टाचारबारे उजुरी वा मुद्दा परेको छैन ? कि डा.मिश्रालाई अतिरिक्त सचिव पदबाट राजीनामा (जो सुनिए अनुसार अहिलेसम्म स्वीकृत भएको छैन्।) राउने षडयन्त्र स्वरुप यी सबै तानाबाना बुनियोरु यदी भोली गएर अख्तियारले कुनै मन्त्रीमाथी मुद्दा नै दायर गरेछ भने सो मन्त्री स्वतः पदमुक्त हुने कानुनी ब्यवस्था छैन र ?

नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरुको विरुद्ध अख्तियारमा उजुरी पर्नु कुनै नौलो कुरा होइन । डा.संगीता विरुद्ध उजुरी परेको हुन पनि सक्छ, नहुन पनि सक्छ । यसबारेमा आम मानिसले थाहा पाउने कुरा भएन। त्यो कुरा अख्तियारले नै जान्ने कुरा हो। तर, जुनशैलीमा मध्यरातमा अख्तियार सुत्रका अनुसार भन्दै डा। संगीता विरुद्ध मिडियाबाजी भयो त्यसले अख्तियारकै नियत र सुचना संयन्त्रमाथी गम्भीर प्रश्न उठाउँछ।

यी सबै घटनाक्रमलाई जोडेर हेर्दा डा। संगीता बिरुद्ध उच्च तहको षडयन्त्र भइरहेको स्पष्ट छ। नयाँ नियुक्ती हुने मन्त्रीहरुमा उनको नाम सहितको सुची राष्ट्रपति कार्यालय पुगिसकेपछि आइतबारको मध्यरातदेखि जुन शैलीमा नेपाली मिडियामा डा.संगीताबारे समाचारहरु सम्प्रेषण भए, त्यसमा मिडियाको नश्लिय चरित्र उदागिंएको छ। रासस

# जेन्जी आन्दोलनमा भएको क्षतिका लागि बीमा दाबी २३ अर्ब ३९ करोड पुग्यो

**काठमाडौं ।**
जेन्जी आन्दोलनमा भएको तोडफोड तथा आगजनीबाट भएको क्षतिका लागि बीमा दाबी २३ अर्ब ३९ करोड २७ लाख रुपैयाँ पुगेको छ ।

नेपाल बीमा प्राधिकरणबाट प्राप्त विवरण अनुसार भाद्र २३ गतेदेखि असोज ८ गतेसम्म विभिन्न बीमा कम्पनीहरूमा जम्मा २ हजार ९८८ दाबी दर्ता भएका छन् । ती बीमा दाबीहरूको रकम २३ अर्ब ३९ करोड २७ लाख रुपैयाँ पुगेको छ ।

प्राधिकरणका अनुसार सबैभन्दा धेरै सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीले ३०७ दाबीमार्फत ५ अर्ब ४५ करोड ९३ लाख रुपैयाँभन्दा बढी भुक्तानी गर्नुपर्ने देखिएको छ । त्यसपछि ओरिएन्टल इन्स्योरेन्सले ८६ दाबीमार्फत ५ अर्ब २३ करोड २४ लाख रुपैयाँ, आईजीआई प्रुडेन्सियल इन्स्योरेन्सले १९६ दाबीमार्फत २ अर्ब ७९ करोड ६६ लाख रुपैयाँ भुक्तानी गर्नुपर्ने देखिएको छ ।

प्रदेशगत रूपमा हेर्दा, सबैभन्दा बढी बागमती प्रदेशमा दाबी परेको छ । यहाँ १,६०८ दाबी दर्ता भई कुल १८ अर्ब भन्दा बढीको बीमा दाबी परेको छ ।

त्यस्तै, कोशी प्रदेशमा ३७७ दाबीमार्फत २० अर्ब २५ करोड रुपैयाँ, गण्डकीमा २१९ दाबीमार्फत १७ अर्ब ९३ करोड रुपैयाँ, लुम्बिनीमा २५४ दाबीमार्फत ५२ करोड रुपैयाँ, मधेशमा ३२३ दाबीमार्फत ६५ करोड रुपैयाँ, कर्णालीमा २५ दाबीमार्फत ८ करोड ९८ लाख रुपैयाँ, र सुदूरपश्चिममा १८२ दाबीमार्फत २५ करोड ८७ लाख रुपैयाँ बराबरको दाबी दर्ता भएको छ । रासस

# दक्षिण चीनमा शक्तिशाली सामुन्द्रिक आँधी ‘रागासा’को कहर, लाखौं मानिस विस्थापित



**काठमाडौं ।**
दक्षिण चीनका विभिन्न प्रदेशमा आएको शक्तिशाली सामुन्द्रिक आँधी “रागासा” ले व्यापक असर पुऱ्याएको छ । बुधबार दिउँसो दक्षिण चीनको ग्वाङ्डोङ प्रान्तको तटीय क्षेत्रमा आएको यस आँधीबेहरीले भीषण हावा र मुसलधारे वर्षा गराएको छ ।

यो वर्षको १८ औँ र अहिलेसम्मकै शक्तिशाली मानिएको आँधी रगासा सोमबार राति दक्षिण चीन सागर प्रवेश गरी करिब २० किलोमिटर प्रतिघण्टाको गतिमा ग्वाङ्डोङको दक्षिणी तटीय क्षेत्रमा प्रवेश गरेको हो ।

ग्वाङ्डोङ प्रान्तीय आपतकालीन व्यवस्थापन विभागले आँधी आउनुअघि नै पूर्वतयारी स्वरूप करीब १० लाखभन्दा बढी जनतालाई सुरक्षित स्थानमा सारेको छ । साथै, तटीय क्षेत्रमा नियन्त्रणात्मक उपायहरू लागू गर्दै बन्दरगाह सञ्चालन स्थगित गरिएको छ ।

करिब ८० हजारभन्दा बढी माछा मार्ने डुङ्गा बन्दरगाहमा बाँधिएका छन् भने १२ हजार २ सयभन्दा बढी समुद्री कामदारहरूलाई किनारमा सुरक्षित स्थानमा राखिएको छ । यसबीच, केन्द्रीय सरकारले पनि आपतकालीन राहत सामग्री उपलब्ध गराएको छ ।

अन्य प्रभावित क्षेत्रहरूमा पनि स्थानीय निकायहरूले पूर्वसावधानी अपनाएका छन ।

हाइनान प्रान्तमा द्रुतगति रेल सेवा र केही हवाई उडानहरू रोकिएका छन् भने एकहजार भन्दा बढी यार्डहरू बन्दरगाहमा राखिएका छन् । ग्वाङ्सी झुआङ स्वायत्त क्षेत्रमा पर्यटकलाई वेइझोउ टापुदेखि सारिएको छ र तटीय मार्गहरू बन्द गरिएका छन् ।

यसैगरी, हङकङ विशेष प्रशासनिक क्षेत्रमा विद्यालयहरू बन्द गरिनुका साथै यातायात सेवा स्थगित गरिएको छ भने मकाउ विशेष प्रशासनिक क्षेत्रमा तल्लो भू–भागमा डुबान भएर स्थानीयवासीलाई सुरक्षित स्थानमा सारिएको छ ।

चीनको केन्द्रीय मौसम विज्ञान वेधशालाले बिहीबारबाट ग्वाङ्डोङ तटमा हावा र वर्षाको तीव्रता क्रमशः घट्ने र वर्षा पश्चिमतर्फ सर्ने अनुमान गरेको छ । जसले ग्वाङ्सी क्षेत्रमा ठूलो असर पार्ने सम्भावना छ । साथै, सर्वसाधारणलाइ अनावश्यक यात्रा नगर्न, शहरी क्षेत्रमा सम्भावित बाढी र ग्रामीण तथा पहाडी क्षेत्रमा पहिरोको जोखिमबाट सावधान रहन आग्रह गरिएको छ । प्रभावित हुन सक्ने अन्य प्रान्तहरूमा युनान, गुइझोउ, जियाङसु, फुजियान र झेजियाङ पनि रहेका छन् । रासस

# बागलुङमा मुस्ताङी च्याङ्ग्राको आयातमा कमी



**बागलुङ ।**
यस वर्ष हिमाली जिल्ला मुस्ताङबाट बडादसैँलाई लक्षित गरी कम च्याङ्ग्रा भित्रिएका छन् । मूल्य वृद्धि भएसँगै कम मात्रामा यहाँ च्याङ्ग्रा भित्रिएका हुन् ।

जिल्ला सदरमुकाममा अहिलेसम्म एक सय च्याङ्ग्रा भित्रिएका छन् । हिमाली क्षेत्रको जडीबुटी खाएकाले स्वादिलोसँगै स्वास्थ्यका लागि फाइदा हुने च्याङ्ग्रा खासगरी बडादसैँ र तिहारमा बढी खपत हुने गरेको यहाँका व्यापारी बताउँछन् ।

दसैँमा प्रायः उपभोक्ताले मासुका लागि भेँडाच्याङ्ग्रा खोज्ने गरेकाले हिमालपारिबाट घटस्थापनाको भोलिपल्टदेखि च्याङ्ग्रा भित्रिउने गरिएको बलबहादुर थापाले बताए । बर्सेनि बागलुङबाट मुस्ताङ पुगेर च्याङ्ग्रा भित्र्याउँदै आउनुभएका उपल्लाचौरका थापाले यस पटक २९ वटा मात्रै च्याङ्ग्रा भित्र्याएको जानकारी दिए ।

उनले प्रतिच्याङ्ग्रा ३५ हजार रुपैयाँ देखि ३७ हजार रुपैयाँ सम्ममा बिक्री हुने गरेको बताए । च्याङ्ग्राको मासु काटेर प्रतिकिलो दुई हजार रुपैयाँ सम्ममा बिक्री गर्दै आएको भन्दै थापाले मूल्यवृद्धि भएकाले पछिल्लो समय च्याङ्ग्राको मासु कम खपत हुन थालेको अनुभव सुनाए । गत वर्ष जिल्लामा तीनसय भन्दा बढी च्याङ्ग्रा भित्रिने गरेकामा यस वर्ष मूल्य वृद्धि भएसँगै उक्त सङ्ख्यामा कमी आएको हो ।

‘स्थानीय खसीबोकाको मासु बढी खपत भइरहेको छ, दसैँमा च्याङ्ग्रा खाने परम्परा भए पनि मूल्य वृद्धिका कारण सबैले खान सक्ने अवस्था छैन । आर्थिक अवस्था कमजोर हुनेले खानै सक्दैनन’, थापाले भने, ‘मुस्ताङबाट चार दिनमा च्याङ्ग्रा ल्याएको हो, रोज्जा च्याङ्ग्राको मूल्य ३७ हजार रुपैयाँ पर्दछ ।’ उनले पहिला जस्तो च्याङ्ग्रा व्यापारमा नाफा नभएको बताए ।

थापासँगै बागलुङका ज्ञानेन्द्रबहादुर कार्की र महेन्द्रबहादुर केसीले यस पटक ३०÷३० गरी ६० वटा च्याङ्ग्रा भित्र्याउनुभएको छ । बागलुङ बजारमा मासु पसल सञ्चालन गर्दै आउनुभएका केसीले लामो समयदेखि दसैँ र तिहारको अवसरमा मुस्ताङ पुगेर च्याङ्ग्रा ल्याउने कामलाई निरन्तरता दिइराख्नुभएको छ । च्याङ्ग्राको आयात थोरै हुँदा मूल्य बढेको उनको भनाइ छ । मुस्ताङको छोसेर, कागबेनी, चमरलगायत ठाउँमा पुगेर व्यवसायीले च्याङ्ग्रा ल्याउने गरेका उनले जानकारी दिए ।

गोठबाट उतैका व्यापारीले च्याङ्ग्रा मुस्ताङको सदरमुकाम जोमसोम ल्याउने र आफूले त्यहाँबाट खरिद गरेको केसीले जानकारी दिए । हिमाली भेगमा पालन गरिएका भेँडाच्याङ्ग्राले लेकाली जडीबुटी खाने भएकाले मासु पोषिलो र स्वादिष्ट हुने उपभोक्ताको भनाइ छ । चाडपर्वका लागि हिमालपारिको जिल्ला मुस्ताङबाट च्याङ्ग्रा बागलुङ झार्ने गरिन्छ । रासस

# विद्युत् विस्तारपछि गाउँ–गाउँमा चल्छन् ‘विद्युतीय मिल’



**भोजपुर ।**
विद्युतीकरणपछि यहाँका ग्रामीण क्षेत्रको जनजीवन सहज बन्दै गएको छ । विगतमा अँध्यारोमा रात कटाउँदै आएका स्थानीयले हाल उज्यालो मात्रै पाएका छैनन्, गाउँघरमा नै आधुनिक यन्त्र उपकरण चलाएर दैनिकीलाई सहज बनाइरहेका छन् । यसरी विद्युत् बिस्तार भएको गाउँ हो–भोजपुरको रामप्रसाद राई गाउँपालिका–६ वैकुण्ठे । यहाँका स्थानीयको दैनिकीमा अचेल निकै परिवर्तन आएको छ । भौगोलिक रुपमा विकट मानिएको यस क्षेत्रमा विद्युत् सेवा पुगेपछि स्थानीयको दैनिकीमा नै परिवर्तन आएको हो ।

विद्युत् पहुँचले कुटानी, पिसानीसँगै दैनिक कामकाजमा सहज भएको वडासदस्य जानुका सुयल बताउछन । गाउँ–गाउँमा विद्युतीय मिल जडान भएपछि एक दिनसम्म लगाएर कुटानी, पिसानीका लागि अन्य ठाउँमा जानुपर्ने बाध्यता अन्त्य भएको उनले सुनाए ।

विद्युत् पहुँचपछि स्थानीय तहले उद्यमशीलता विकासमा सहजीकरण गरिरहेको छ । वडाध्यक्ष एकराज आचार्यले कुटानी–पिसानी समस्या समाधान गर्न १६ वटा आधुनिक विद्युतीय मिल वितरण गरिएको जानकारी दिए । स्थानीयको कुटानी–पिसानीको समस्या अन्त्यका लागि वडाले विद्युतीय मिल दिएको उनको भनाइ छ ।

‘वडाका सबै स्थानमा विद्युत् पहुँच पुऱ्याउन सफल भएका छौं । त्यसैले विद्युत्को उपयोगबाट जीवनलाई कसरी सहज बनाउन सकिन्छ भन्नेमा ध्यान दिएका छौँ । स्थानीयलाई कुटानी–पिसानीमा सहजता थप्न विद्युतीय मिल वितरण गरेका छौं’, वडाध्यक्ष आचार्यले भने ।

मिल वितरणसँगै स्थानीयलाई उद्यशीलतासँग जोड्न प्रोत्साहन गरिरहेको उनले बताए । अब रैथाने बाली कोदो, गहुँ, जौ, फापरको पीठो बनाएर बजारीकरण गर्ने योजना रहेको र त्यसका लागि ‘बैकुण्ठेको उत्पादन काठमाडौँको भान्सामा’ भन्ने नाराका साथ काम भइरहेको वडाध्यक्ष आचार्यले जानकारी दिए । उनले भने । ‘हामीले रैथाने तथा नगदेबाली उत्पादनमा जोड दिएका छौँ ।

रैथाने बालीको संरक्षणसँगै उत्पादनलाई प्रशोधन पनि गरिरहेका छौँ । यहाँका रैथाने उत्पादनलाई पिसेर, कुटेर सहर पठाउने लक्ष्य छ । विद्युतीकरणले यसमा थप सहज भएको छ’, उनले भने ।

विद्युत् विस्तार भएपछि दैनिक काममा सहजतासँगै स्थानीयवासीलाई सूचनाको पहुँचमा जोडिन पनि सहज भएको वडासदस्य जयन्द्रकुमार राईले बताए । विद्युतीय मिल वितरणले उद्यमशीलतासँगै महिलालाई घरायसी कामकाजमा समेत सहजता भएको उनको भनाइ छ । रासस

# अलैँचीको निर्यात ४४ प्रतिशतले बढ्यो

**झापा ।**
मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२÷८३ को पहिलो दुई महिनामा अलैँची निर्यात ४३ दशमलव ९० प्रतिशतले बढेको छ । कार्यालयको तथ्याङ्कअनुसार उक्त अवधिमा ८५ करोड ९६ लाख ११ हजार रुपैयाँ बराबरको अलैँची निर्यात भएको हो ।

गत दुई महिनाको अवधिमा ५२२ मेट्रिकटन अलैँची निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए । आव २०८१÷८२ को पहिलो दुई महिनाको अवधिमा ५९ करोड ७३ लाख ५२ हजार रुपैयाँ बराबरको अलैँची निर्यात भएको उनले बताए ।

कार्यालयको तथ्याङ्कअनुसार चालु आवको दुई महिनामा चियाको निर्यात ३४ प्रतिशतले घटेको छ । उक्त अवधिमा ७५ करोड तीन लाख ४८ हजार रुपैयाँ बराबरको चिया निर्यात भएको छ । सूचना अधिकारी हुमागाईंका अनुसार आव २०८१÷८२ को सोही अवधिमा एक अर्ब १३ करोड ७४ लाख आठ हजार रुपैयाँ बराबरको चिया निर्यात भएको छ । भन्सार कार्यालयको तथ्याङ्कअनुसार निर्यात हुने मुख्य वस्तुहरूमा छुर्पी ९८ दशमलव ३० प्रतिशत, काउली, ब्रोकाउली र बन्दागोपी १५५ दशमलव २० प्रतिशत, भेनियर सिट ७४ प्रतिशत, मुसुरो दाल ६५५ दशमलव १० प्रतिशतले वृद्धि भएको छ । यसैगरी फलामे पाता ९३ दशमलव ४० प्रतिशत, अदुवा ४१ दशमलव ८० प्रतिशत र अम्रिसो ३० दशमलव १० प्रतिशतले कमी आएको सूचना अधिकारी हुमागाईंले जानकारी दिए । रासस

# शेयर बजारमा दशैं प्रभाव नेप्सेसँगै घट्यो कारोबार रकम

**काठमाडौं ।**
साताको अन्तिम कारोबार दिन बिहीवार शेयर बजारमा दशैंको प्रभाव देखिएको छ । यसदिन नेप्सेसँगै कारोबार रकमपनि घटेको छ ।

आज २.३५ अंकले घटेको बजार २६५२ अंकमा झरेको छ । यससँगै कारोबार रकम ३ अर्ब २६ करोड रुपैयाँमा खुम्चिएको छ ।

आज कुल ३२७ स्टकको ३ अर्ब २६ करोड ४ लाख ४० हजार ६०४ रुपैयाँको ७९ लाख ५३ हजार ७४० कित्ता शेयर कारोबार भएको छ । अघिल्लो कारोबार बुधबार २६ अंकले घटेको बजारमा ४ अर्ब १२ करोड ४८ लाख २१ हजार ८६३ रुपैयाँको ९४ लाख ८ हजार ६६३ कित्ता शेयर कारोबार भएको थियो भने नेप्से २६५४.३५ बिन्दुमा रोकिएको थियो । आज कारोबारमा आएका कम्पनीहरु मध्ये १३९ कम्पनीको शेयर मूल्य घट्दा १०७ कम्पनीको शेयर मूल्य भने बढेको छ । यसदिन सेन्सेटिभ इन्डेक्स ०.१० अंकले घटेको छ । फलेट इन्डेक्स ०.२० अंकले घटेको छभने सेन्सेटिभ फ्लोट इन्डेक्स ०.०४ अंकले घटेको छ ।

यसदिन हिमस्टार उर्जा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । यस कम्पनीको शेयर मूल्य प्रतिकित्ता ६३ रुपैयाँले बढेर ६९३ रुपैयाँमा अन्तिम कारोबार भएको छ । प्रभु बैंकको डिबेन्चरको शयेर मूल्य प्रतिकित्ता ८८.८८ रुपैयाँले बढेर १८८९ रुपैयाँमा अन्तिम कारोबार भएको छ ।

आज सिटि होटल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै प्रतिकित्ता ७.५५ प्रतिशतले घटेर ६०० रुपैयाँमा अन्तिम कारोबार भएको छ । यस्तै, नारायणी विकास बैंकको शेयर मूल्य प्रतिकित्ता ५.८५ प्रतिशितले घटेर ७७२ रुपैयाँमा अन्तिम कारोबार भएको छ ।

आज कारोबार रकमका आधारमा नेपाल पुर्नबिमा कम्पनी शिर्ष स्थानमा रहेको छ । यस कम्पनीको ३० करोड ९० लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ । शेयर कारोबारका आधारमा युनियन हाइड्रो पावर दोस्रो स्थानमा छ । आज यस कम्पनीको कुल १८ करोड ३४ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ । यस्तै, हिमालयन रिइन्स्योरेन्स कम्पनीको ११ करोड ३८ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ ।

आज १३ उपसमूहमध्ये यस दिन ४ उपसमूहको परिसूचक बढेको छ भने ९ उपसमूहको परिसूचक घटेको छ । यस दिन व्यापार उपसमूहको परिसूचक सबैभन्दा धेरै १.३६ प्रतिशत बढेको छ । यस दिन बैंकिङ्, लगानी र म्युचुअल फण्ड उपसमूहको परिसूचक सामान्य मात्रै बढेको छ भने होटल तथा पर्यटन उपसमूहको परिसूचक सर्वाधिक १.४९ प्रतिशत घटेको छ । रासस

# ‘जेन्जी’ प्रदर्शनका क्रममा दुर्लभ कछुवासमेत चोरी

**झापा।**
यहाँको अर्जुनधारा नगरपालिका–९ स्थित कछुवा संरक्षण तथा प्रजनन केन्द्रबाट दुर्लभ कछुवा चोरी भएको छ। सुखानी सहिद स्मृति प्रतिष्ठानको हाताभित्र रहेको केन्द्रमा दश प्रजातिका ६० वटा दुर्लभ कछुवालाई संरक्षण गरिएको थियो। गत भदौ २४ गते ‘जेन्जी’ प्रदर्शनका क्रममा प्रतिष्ठानका विभिन्न संरचनामा आगजनी र तोडफोड हुँदा चारवटा कछुवा चोरी भएका हुन्।

प्रदर्शनकारीले प्रतिष्ठानको मुख्य कार्यालयसहित पर्यटकीय पूर्वाधारमा आगजनी र तोडफोड गरेका थिए। आगजनी र तोडफोडबाट ७० लाख रुपैयाँ बराबरको क्षति भएको प्रतिष्ठानका व्यवस्थापक रुद्रमणि सुवेदीले बताए। प्रतिष्ठानभित्रको कछुवा संरक्षण तथा प्रजनन केन्द्र पर्यटकका लागि मुख्य आकर्षणको केन्द्र बन्दै आएको छ। यहाँका नौका विहार, सहिद प्रतिमाको अवलोकन, झोलुङ्गे पुल र फाउन्टेन पार्क हेर्न र वनभोजका लागि पर्यटकहरू आउने गर्छन्।

आन्दोलनकारीले प्रतिष्ठानको हाताभित्र रहेको कार्यालय, डुङ्गा र फाउन्टेन पार्कको प्यानल बोर्डमा आगजनी तथा प्रहरी चौकी, सहिद प्रतिमा र क्यान्टिनलगायत संरचनामा तोडफोड गरेको सुवेदीले जानकारी दिए। ‘केन्द्रमा रहेका सबै कछुवाको नियमित गणना हुन्छ’, उनले भने, ‘यसपटक गणना गर्दा चारवटा कछुवा चोरी भएको पाइयो।’

व्यवस्थापक सुवेदीले हाल क्षतिग्रस्त संरचनाको भग्नावशेष पन्छाएर असोज ११ गतेदेखि पर्यटकका लागि खुला गर्ने तयारी भइरहेको उनले बताए।

यहाँ अवलोकन र अनुसन्धानका लागि बर्सेनि करिब दुई लाख पर्यटक भित्रिने गरेका छन्। ‘जेनजी’ प्रदर्शनपछि यहाँ प्रवेश बन्द गरिएको छ। पर्यटकमा निर्भर प्रतिष्ठान हाताबाहिरका ५० भन्दा बढी पसल र रेस्टुरेन्ट पनि हाल सुनसान छन्।

सन् २०१२ मा उभयचर वैज्ञानिक डा केआर खम्बुको प्रेरणामा यहाँ कछुवा संरक्षण केन्द्र स्थापना गरिएको थियो। देशभरका विभिन्न विश्वविद्यालयमा अध्ययनरत जीव विज्ञानका विद्यार्थीहरू अनुसन्धानका लागि केन्द्रमा आउने गरेका छन्। स्थानीय ग्रामीण तथा सिमसार क्षेत्रबाट उद्धार गरिएका कछुवालाई यहाँ ल्याएर संरक्षण गरिँदै आइएको छ।रासस

# विपिनको रिहाइका लागि आमा र बहिनी अमेरिका प्रस्थान

**कञ्चनपुर।**
प्यालेस्टिनी लडाकु समूह हमासको कब्जामा रहेका कञ्चनपुरका विपिन जोशीको रिहाइको पहलका लागि आमा पदमा र बहिनी पुष्पा जोशी बुधबार साँझ अमेरिका प्रस्थान गरेका छन।

दाइ विपिनको सकुशल रिहाइका लागि अन्तरराष्ट्रिय दबाब बढाउनका लागि आमालाई लिएर अमेरिका जाने कार्यक्रम तय भएको बहिनी पुष्पाले जानकारी दिए। ‘यसअघि इजरायल गएझैँ अन्तरराष्ट्रिय मञ्चमा दाइको सकुशल रिहाइका लागि यसपटक अमेरिका जान लागेका हौँ’ उनले भने, ‘दाइको रिहाइको विषय अन्तरराष्ट्रिय विषय भएकाले अन्य देशका नागरिकलाई पनि यसमा आवाज उठाउन विनम्र अनुरोध गर्छु।’

विपिनको रिहाइका लागि यसअघि इजरायल सरकारले आमा पदमा र बहिनी पुष्पालाई इजरायल लगेको थियो। यसपटक पनि इजरायलले नै संयुक्त राष्ट्रसङ्घसम्म पुगाउने तयारीका साथ अमेरिका जान सहयोग गरेको जनाइएको छ।

गत शनिबार हमासले नियन्त्रणमा रहेका विपिन जोशीसहित ४८ जना बन्धकको ‘बिदाइ तस्बिर’ भन्दै सार्वजनिक गरेको थियो।

विपिनको परिवारले इजरायले आक्रमण बढाएपछि दबाब सिर्जना गर्न उक्त तस्बिर सार्वजनिक गरिएको हुनसक्ने आशङ्का गरेको छ। ‘सरकारले कतारलगायतका देशसँग पहल गरिदिए रिहाइ हुन्थ्यो कि भन्ने लाग्छ’, विपिनका बुबा महानन्द जोशीले भने ‘विपिन फर्किन्छन् कि भनेर आशामै दुई वर्ष बित्यो। अब छोराको सकुशल रिहाइका लागि सरकारले थप पहल गरोस्।’

सुदूरपश्चिम विश्वविद्यालयको ‘लर्न एन्ड अर्न’ कार्यक्रमअन्तर्गत इजरायल पुगेका विपिनसहित अन्य नेपाली विद्यार्थी हमासको आक्रमणमा परेका थिए। आक्रमणमा परी १० नेपाली विद्यार्थीको ज्यान गएको थियो।रासस

# पाँच दशकपछि धारापानी क्षेत्रमा विद्युतीकरण



**कञ्चनपुर।**
शुक्लाफाँटा नगरपालिका–८ स्थित धार्मिक पर्यटकीय क्षेत्र मुडका (मणिका) मा विद्युतीकरणको काम धमाधम अगाडि बढाइएको छ। नेपाल विद्युत् प्राधिकरण महेन्द्रनगर वितरण केन्द्रले ठेक्का प्रक्रियामार्फत यहाँ कार्य गरिरहेको हो।

वितरण केन्द्र प्रमुख चुटुनकुमार श्रीवास्तवका अनुसार पोल गाड्ने, मजदुरलाई दिने ज्यालासहितको ठेक्का वितरण केन्द्रले गरेको छभने पोल, तार, ट्रान्सफर्मरलगायत सामग्री खरिद गर्ने जिम्मेवारी प्राधिकरणको केन्द्रीय कार्यालयले लिएको छ। यसका लागि करिब ६५ लाख रुपैयाँ खर्च हुने अनुमान छ।

विद्युतीकरणका लागि वितरण केन्द्रले कलौनी निर्माण सेवासँग ठेक्का सम्झौता गरेको छ। यसअन्तर्गत पोल गाड्ने, तार तान्ने, इन्सुलेटर जडान गर्ने, ट्रान्सफर्मर राख्ने र विद्युत् सञ्चालनमा ल्याउने कार्य हुने जनाइएको छ।

केन्द्र्र प्रमुख श्रीवास्तवले हाल आवश्यक सामग्री ढुवानी भइसकेको र पोल गाड्ने काम तीव्र गतिमा अगाडि बढाइएको बताए। धार्मिक क्षेत्र मुडकादेखि पर्यटकीय गाउँ धारापानीसम्मको पाँच किलोमिटर क्षेत्रमा विद्युत् पु¥याउने लक्ष्य रहेको र यसका लागि एक ८२ वटा पोल जडान गरिने उनले जानकारी दिए। ठेक्का सम्झौताअनुसार ९० दिनभित्रै काम सक्ने लक्ष्य राखिएको छ। तिहारअघि नै त्यस क्षेत्रमा बिजुली पु¥याउने हाम्रो रहेको श्रीवास्तवले बताए।

विद्युतीकरणको काम अघि बढेपछि स्थानीय बासिन्दा र भक्तजनमा खुसी छाएको छ। वडा नं ९ का अध्यक्ष रमेशबहादुर ऐरेले भने, ‘धार्मिक क्षेत्रमा विद्युत् अभावका कारण भक्तजनले सास्ती खेप्दै आएका थिए, अब त्यो समस्या अन्त्य हुने चरणमा छ।’


उनका अनुसार धारापानीमा विसं २०२८ सालदेखि बस्ती बसेको भए पनि हालसम्म विद्युत् सेवा पुगेको थिएन। त्यहाँ करिब ३५ परिवारको बसोबास छ। स्थानीय बासिन्दाले लामो समयदेखि टुकीको भरमा रात कटाउँदै आएका थिए। स्थानीय सायमले धामीले भने, ‘अब टुकीको उज्यालोमा बिताउने रात अन्त्य हुँदैछ भन्ने समाचारले हामी निकै खुसी भएका छौँ। विद्युत् नहुँदा समस्या थियो, मोबाइल चार्ज गर्न तीन किलोमिटर टाढाको गाउँसम्म पुग्नुपर्दथ्यो, विद्युतीकरणका लागि पोल गाड्ने कार्य अगाडि बढेकाले विद्युत् पुग्नेमा आशावादी भएका छौँ’, उनले भने।

यसै कार्यक्रमअन्तर्गत शुक्लाफाँटाको मुडका मात्र होइन, भीमदत्त नगरपालिकाको खल्लामुसेट्टि क्षेत्रमा समेत करिब ५५ घरधुरीलाई विद्युत् सेवा विस्तार गरिएको वितरण केन्द्रले जनाएको छ। त्यहाँ अढाई किलोमिटर क्षेत्रमा पोल गाड्ने, तार तान्ने र दुईवटा ट्रान्सफर्मर जडान गरी विद्युत् सञ्चालनमा ल्याइएको छ।

श्रीवास्तवका अनुसार पुल विद्युतीकरण कार्यक्रममार्फत दोधारा–चाँदनी, बेदकोट नगरपालिका र कैलालीको गोदावरी नगरपालिका क्षेत्रसम्म पनि विद्युत् बिस्तारको कार्य पूरा गरिएको छ।रासस

# दशैंमा जमरा राखे अशुभ हुन्छ ठान्ने सीमान्तकृत समुदाय

**बागलुङ।**
बडादसैँलाई महत्त्वका साथ मनाउने नेपालीहरूको घरमा घटस्थापनादेखि नै चहलपहल सुरु हुन्छ। घटस्थापनामा जमरा राखेर दसैँ सुरु भए पनि बागलुङको एक सीमान्तकृत समुदायको घरमा भने घटस्थापनामा सुनसान हुन्छ।



जमरा राख्नुपूर्व घरलाई लिपपोत गर्ने, रङ्गाउने प्रचलन भए पनि बागलुङ नगरपालिका–१ रामरेखाको एक माझी समुदायमा भने अझै दसैँको चहलपहल छैन। घटस्थापनाको दिन राखेको जमरा विजयादशीको दिन टीकासँगै मान्यजनको हातबाट लगाउने चलन भए पनि जमारा नराखी माझी समुदायले दसैँ मनाउने गरेका छन्। जमराबिना दसैँ मनाउने अनौठो परम्परालाई यहाँका माझी समुदायले वर्षौंदेखि निरन्तरता दिँदै आएका छन्।

जमरा राखे नराम्रो घटना घट्ने भन्दै दुई पुस्ताभन्दा पहिलेदेखि जमरा नराखी नै दसैँ मनाउँदै आएको माझी समुदायका अगुवाहरूले बताउने गरेका छन्। घरमा जमरा राखे दसैँ नै अशुभ हुने परम्परागत मान्यतका आधारमा जमरा नराखी दसैँ मनाउने गरेको स्थानीय देउकुमारी माझीले बताईन। पिता पुर्खाले भनेअनुसार अनिष्ट हुने खतरा टार्नका लागि दसैँमा जमरा नराख्ने गरिएको उनको भनाइ छ। करिब डेढ सय वर्षअघिसम्म जमरा राखे पनि पछि अनिष्ट हुन थालेपछि जमरा राख्न छोडिएको भन्ने गरिएको माझीले बताईन।

यो समुदायमा जमरा राखेपछि घरकी कन्याको मृत्यु भएको किंवदन्तीअनुसार जमरा राख्न छोडिएको बताइन्छ। यहाँको खनियाबास र मालढुङ्गामा बस्ने माझीहरूले घरमा जमरा नराखे पनि नजिकको मन्दिरबाट जमरा लगेर दसैँ भने मनाउँदै आएका छन्। ‘जमरा राख्दा घरकी कन्याको मृत्यु भएको र जमरा नराख्दा मृत्यु हुन छोडेको किंवदन्तीअनुसार जमरा राख्ने चलन छोडिएको बताइन्छ, तर दसैँ भने मनाउँदै आएका छौँ’, माझीले भनिन।

स्थानीय कृष्ण माझीले जमरा नराख्ने चलनमा यहाँका समुदायको साझा सहमति रहेको बताए। जमरा राखेपछि लगातार छोरीचेलीको मृत्यु भएर दसैँ रोकिएकाले जमरा राख्न छोडिएको हो भनेर पुर्खाहरूले भन्दै आएकाले पछिल्लो पुस्ताले पनि त्यसलाई निरन्तरता दिएको उनले सुनाए।खनियाबास र मालढुङ्गामा माझी समुदायका २० परिवारको बसोबास छ। पुर्खौंदेखि कालीगण्डकी नदीमा माछा मार्ने, डुङ्गा खियाउने र बालुवा निकालेर गर्जो टार्दै आएका यहाँका माझीहरूले पछिल्लो समय पेसा परिवर्तन गर्दै आएका छन्। रासस

# चार हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा विस्तार

**तनहुँ।**
जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय तनहुँमार्फत जिल्लामा चार हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा विस्तार गरिएको छ। कार्यालयले आर्थिक वर्ष २०८१÷८२ मा सञ्चालन गरेका आयोजनामार्फत थप चार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको हो।

सो अवधिमा छ वटा सिँचाइ आयोजना सम्पन्न भएका कार्यालयका प्रमुख मोहनराज आचार्यले जानकारी दिए। उनका अनुसार जिल्लाका १३ हजार ५८३ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। त्यसमध्ये छ हजार ३४७ हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुने उनले जानकारी दिए। आचार्यले भने, ‘जिल्लाको कूल क्षेत्रफल एक लाख ५४ हजार ६०० हेक्टर क्षेत्रफलमध्ये ६५ हजार ६१ हेक्टर खेतीयोग्य जमिन छ। एकाउन्न हजार ५१० हेक्टर क्षेत्रफलमा खेती हुने गरेको छ। तर सबै ठाउँमा सिँचाइ सुविधा पुग्न सकिरहेको छैन।’कार्यालयले गत आव सिँचाइतर्फ चार वटा इन्टेक, सात हजार २३३ मिटर क्यानल लाइनिङ, नौ हजार ३१४ मिटर पाइपलाइन विस्तार गरेको आचार्यले जानकारी दिए। उनका अनुसार सङ्घीय सरकारमार्फत नदी नियन्त्रणतर्फ ४०० मिटर र प्रदेश सरकारमार्फत १९० मिटर तटबन्धन गरिएको छ। जसकारण १३ हेक्टर जग्गा उकासमा सहयोग पुगेको बताउँदै उनले एक हजार ३९० मिटर ग्याविन वाल निर्माण गरिएको जानकारी दिए। सो वर्ष प्रदेश सरकारमार्फत नदी नियन्त्रणका लागि चार करोड ३२ लाख १२ हजार रुपैयाँ, पहिरो संरक्षणका लागि ३३ लाख ८२ हजार रुपैयाँ, सिँचाइ आयोजना निर्माणका लागि आठ करोड ९९ लाख ९१ हजार रुपैयाँ, आपत्कालीन बाढीपहिरो तथा जलस्रोतसम्बन्धी क्षतिग्रस्त संरचनाको पुनःस्थापनाका लागि ३२ लाख २८ हजार रुपैयाँ बजेट खर्च भएको छ। कार्यालयले विभिन्न आयोजनामार्फत रोजगारी सिर्जनामा समेत सहयोग पु¥याएको छ।

कार्यालय प्रमुख आचार्यका अनुसार घिरिङ गाउँपालिका–३ स्थित फदुवा छबिसे सिँचाइ आयोजनामा २५, घिरिङ गाउँपालिका–१ स्थित गडीझौरीटार सिँचाइ आयोजनामा ४०, म्याग्दे गाउँपालिका–७ स्थित रानीटारी सिँचाइ आयोजनामा १५, ऋषिङ गाउँपालिका–४ स्थित मनादी खोला भिरकोट सिँचाइ आयोजनामा २५ र व्यास नगरपालिका–६ स्थित मदीखोला ठूलोकुलो मर्मत कार्यमा २० जनाले रोजगारी पाएका छन्।रासस

# बागलुङ–कुश्मिसेरा सडक तीन महिनापछि सञ्चालन

**बागलुङ।**
पहिरोले अवरुद्ध बनेको बागलुङ–बलेवा–कुश्मिसेरा सडक तीन महिनापछि सञ्चालनमा आएको छ। वर्षाका कारण सडक भाँसिएपछि अवरुद्ध बनेको उक्त सडक बुधबारदेखि सञ्चालनमा आएको हो।

बागलुङ नगरपालिका–१० दब्ल्याङमा पहिरो जाँदा करिब १०० मिटर सडक भाँसिएको थियो। गत असारदेखि बन्द भएको सडक खुलाउनका लागि डोजरसहितका उपकरण प्रयोग गरिएको थियो।

सडक अवरुद्ध हुँदा बागलुङ नगरपालिका–१० गलुवा, भकुण्डे, वडा नं १३ पैयुँपाटा, वडा नं १२ को अमलाचौरसहित दक्षिण बागलुङका हजारौँ नागरिकले सास्ती खेप्नुपरेको थियो। बलेवा क्षेत्रबाट २० मिनेटमा सदरमुकाम बागलुङ बजार पुग्न सकिनेमा पहिरोका कारण दुई घण्टाको घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो।

पूर्वाधार विकास कार्यालय बागलुङले गत साता पहिरोको अवस्था बुझेर तत्काल सञ्चालनमा ल्याउन गण्डकी प्रदेशअन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयमा लागत अनुमानसहित स्वीकृतिका लागि पठाएको थियो।

मन्त्रालयबाट स्वीकृत हुन बाँकी रहेको पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी एवं इञ्जिनियर अनिल बर्देवाले जानकारी दिए। बडादसैँ नजिकिएपछि नागरिकको आवतजावत बढ्ने हुँदा सडक खुलाइएको उनको भनाइ छ।

सूचना अधिकारी बर्देवाले भने, ‘लामो समयसम्म सडक बन्द हुँदा हजारौँ नागरिकको सास्ती खेप्नुपर्‍यो।

निरन्तर वर्षा र पहिरो झरिरहँदा सडक खुलाउन समस्या भइरहेको थियो, अहिले वर्षा केही कम भएपछि दुई दिनसम्म जनशक्तिसहित विभिन्न उपकरण प्रयोग गरी पहिरो पन्छाएका हौँ। खर्च व्यवस्थापनका लागि पूर्वाधार विकास मन्त्रालयमा लागत अनुमान स्वीकृतिका लागि पठाएका छौँ, अझै स्वीकृत भएको छैन।’

विगत तीन वर्षदेखि यस क्षेत्रमा पहिरो जाँदा पहिरो पन्छाउन करोड रुपैयाँ बढी खर्च भइसकेको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिए। अघिल्लो वर्ष मात्र पूर्वाधार विकास कार्यालय र नगरपालिकाले करिब ५० लाख रुपैयाँ खर्च गरेर पहिरोमाथिको पानीलाई नजिकैको न्वारे खोलामा व्यवस्थापन गरी सडकको माथिल्लो भागमा जाली लगाउने काम गरेको उनले बताए।

पहिरो व्यवस्थापनका लागि भू–गर्भविद्लको टोलीले अध्ययन गरेर प्रतिवेदनसमेत बुझाइसकेको छ। प्रतिवेदनमा उल्लेख भएअनुसार रकम नहुँदा पहिरो नियन्त्रण गरी सडकको दीर्घकालीन समाधान गर्न समस्या भएको उपप्रमुख खड्काले बताए। उनका अनुसार चालु आर्थिक वर्षमा पहिरो व्यवस्थापनका लागि सङ्घीय सरकारबाट तीन करोड रुपैयाँ विनियोजन भएको छ।

पहिरोका कारण कालीगण्डकी करिडोरसमेत अवरुद्ध हुँदै आएको छ। बर्खाभरि सडक अवरुद्ध हुँदा गाउँमा उत्पादन भएका तरकारी र दूध बजारसम्म पु¥याउन समस्या हुने गरेको स्थानीय किसान कुलराज पौडेलले बताए। ‘दूध र तरकारी बजारसम्म पु¥याउनका लागि यान्त्रिक पुलमार्फत कुश्मा हुँदै बागलुङ ल्याउने गरिएको छ। घुमाउरो सडक प्रयोग गर्दा ढुवानी खर्च बढी तिर्नु परिरहेको छ’, उनले भने।रासस

# दशैंको दिनबाहेक अन्य दिन अध्यागमन विभागले सेवा जारी राख्ने

**काठमाडौँ।**
अध्यागमन विभागले बडादसैँको सार्वजनिक बिदाको अवधिमा दसैँको दिनबाहेक अन्य दिनमा पर्यटक भिसा र एजेन्सी शाखा खुला राख्ने भएको छ।

यही असोज १६ गते विजयादशमीका दिनबाहेक अन्य दिनमा बिहान ११:०० बजेदेखि दिउँसो १:०० बजेसम्म यस विभागको पर्यटक भिसा शाखा र एजेन्सी शाखाबाट प्रदान गरिने सेवा सञ्चालन गरिने विभागले जनाएको हो।

विभागका अध्यागमन अधिकृत शिवकुमार अधिकारीले एक सूचना प्रकाशित गरी यस अवधिमा हुने सार्वजनिक बिदामा मुख्य दिनबाहेक सबै दिनमा सेवा सञ्चालनमा रहने जानकारी दिएका हुन।रासस

# मधेशमा नयाँ सत्ता खेलः

# लोकतान्त्रिक मोर्चाले दाबी गर्ने घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सत्ता समीकरण फेरबदल हुने देखिएको छ । जनमत पार्टीका मुख्यमन्त्री सतिश कुमार सिंह अल्पमतमा परेपछि अब बन्ने नयाँ सरकारको नेतृत्व गर्न संघीय लोकतान्त्रिक मोर्चाले दाबी गर्ने निर्णय गरेको छ । जनकपुरधाममा बसेको लोकतान्त्रिक मोर्चाको बैठकले सरकार गठनका लागि आवश्यक गृहकार्य अघि बढाउने र संविधानअनुसार दाबी गर्ने निर्णय गरेको हो । मोर्चामा जसपा नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी, तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र जनमत पार्टीसमेत आबद्ध रहेका छन् । बैठकमा डा. सिके राउत नेतृत्वको जनमत पार्टी भने अनुपस्थित रह्यो । मुख्यमन्त्री सिंहकै पार्टी भएकाले सरकार गठनबारे निर्णायक छलफलमा जनमत पार्टी उपस्थित नहुनु विशेष अर्थपूर्ण मानिएको छ । मोर्चामा आबद्ध अन्य दलका नेताहरूले जनमत पार्टीले यसअघि पनि निरन्तर बैठकमा भाग नलिएको र यसपटक पनि अनुपस्थित रहनुलाई राजनीतिक संकेतका रूपमा लिएको टिप्पणी गरेका छन् । बैठकमा सहभागी एक नेताले बताएअनुसार सरकार गठनको विषयमा मोर्चामा आबद्ध दलहरूले आफ्ना–आफ्ना पार्टीमा आन्तरिक गृहकार्य गर्ने र त्यसपछि फेरि बैठक बसेर अन्तिम रणनीति तय गर्ने सहमति भएको छ ।



‘अहिले तत्काल निर्णय लिने चरण छैन । सबै दलले आफ्नो पार्टीसँग छलफल गर्छन्, त्यसपछि पुनः बैठक बसेर टुंगो लगाइन्छ,’ ती नेताले भने । मधेश प्रदेश सभामा हाल जसपा नेपाल, लोसपा, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीका मात्रै पर्याप्त सांसद रहेका छन् । तर, सम्भावित गठबन्धनमा सबै दल एकै ठाउँमा नआउने देखिएकाले सरकार गठनमा संख्यात्मक चुनौती रहने अनुमान गरिएको छ । विशेषगरी जनमत पार्टीकै भूमिका निर्णायक हुने देखिन्छ । राजनीतिक विश्लेषकहरूका अनुसार जनमत पार्टी सरकार गठनको प्रक्रियामा सक्रिय नभए वा तटस्थ बस्ने हो भने मोर्चाले दाबी गरेको सरकार टिकाउन कठिन पर्न सक्छ । बैठकमा सहभागी नेताहरूका अनुसार लोकतान्त्रिक मोर्चाभित्र रहेका सात दलबीच दीर्घकालीन राजनीतिक एकताको प्रस्ताव पनि छलफलमा आएको छ । मोर्चाको सचिवालयले प्रस्तुत गरेको प्रस्तावमा शीर्ष नेताहरूले सकारात्मक धारणा राखेका छन् । ‘प्रदेशमा मात्र नभई राष्ट्रिय राजनीतिमा पनि वैकल्पिक शक्ति निर्माण गर्न मोर्चामा रहेका दलहरूको एकता जरुरी छ भन्ने सहमति बैठकमा भएको छ । आगामी दिनमा गृहकार्य गरेर यसबारे ठोस कदम चालिनेछ,’ एक नेताले जानकारी दिए । मुख्यमन्त्री सिंह अल्पमतमा परेको अवस्थाले मधेश प्रदेशमा नयाँ सत्ता समीकरणको द्वार खुलेको छ । लोकतान्त्रिक मोर्चाले सरकार गठनमा दाबी गर्ने तयारीसँगै प्रदेश राजनीतिमा फेरि अस्थिरता देखिएको छ । अब मधेशमा कुन दलले कस्तो रणनीति अपनाउँछ र जनमत पार्टीले कस्तो भूमिका खेल्छ भन्ने कुराले मात्र नयाँ सरकारको भविष्य निर्धारण गर्ने देखिन्छ ।

# वीरगंज भन्सारका यार्डमा १७९ सवारीसाधन थन्किए




**वीरगंज ।**
वीरगंज भन्सार कार्यालय मातहतका एकीकृत जाँचचौकी र सुक्खा बन्दरगाहमा १७९ चार पाङ्ग्रे सवारीसाधन थन्किएका छन् । वीरगंज भन्सार कार्यालयका अनुसार ती सवारीसाधन भन्सार जाँचपास नभएर थन्किएका हुन् । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले एकीकृत जाँचचौकीमा ७५ वटा चारपाङ्ग्रे र सुक्खा बन्दरगाह भन्सार कार्यालयमा १०४ थान चार पाङ्गे सवारीसाधन भन्सार जाँचपासको प्रक्रियामा रहेका जानकारी दिए । ‘आयातकर्ताले चाडपर्व लक्षित गरेर चार पाङ्ग्रे सवारीसाधनको जाँचपास प्रक्रिया अघि बढाउँदै आएका छन्’, उनले भने, ‘भन्सारको यार्डमा रहेका सवारीसाधन क्रमशः भन्सार जाँचपासको प्रक्रियामा अघि बढ्नेछन् ।’ कार्यालयका अनुसार सुक्खा बन्दरगाहमा रहेका करिब २० वटा चार पाङ्ग्रे सवारीसाधनको भन्सार जाँचपास प्रक्रिया अघि बढिसकेको छ भने एकीकृत जाँचचौकीमा रहेका सवारीसाधनको पनि आवश्यक प्रक्रिया अघि बढेको छ । वीरगंज नाका हुँदै चालु आवको दुई महिनामा सात अर्ब १६ लाख मूल्य बराबरको सवारीसाधन तथा पार्टपुर्जा आयात भएका छन् । गत आवको दुई महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने एक अर्ब ७५ करोड बढी मूल्यका सवारीसाधन र त्यसमा प्रयोग हुने सामग्री (पार्टपूजा) आयात भएका हुन् । गत आवको दुई महिनामा पाँच अर्ब २५ करोड मूल्यका सवारीसाधन तथा सामग्री आयात भएको थियो । रासस

# ‘जसलाई गरिबीले पलपल मारिरहेको छ’

**सिरहा ।**
लहान नगरपालिका–१४ बस्तीपुरको एउटा छानो, जहाँबाट पानी चुहिरहेको छ । झुप्रोको कुना–कुना चिसिएको छ, तर त्योभन्दा चिसो बनेको छ सीता पासवानको मन । असोज २ गते श्रीमान् बद्री पासवानको निधनसँगै सीताको जीवनमा आँधीहुरी चलेको छ । श्रीमान् गुमाइसकेपछि तीन नाबालक छोराको जिम्मेवारी सीताको काँधमा आइपुगेको छ । भोकसँगको सङ्घर्ष र भविष्यप्रतिको अनिश्चितता एकैपटक आइपरेको छ । ‘तेह्र दिनको किरिया कर्म गर्नुपर्छ, अझै केही दिन बाँकी छ । भरदिन मजदुरी नगरे बेलुका मुखमा माड लाग्दैन । कसरी बालबच्चालाई खुवाउने भन्ने चिन्ता छ’, आँखाभरि आँसुले बोल्न अवरोध गरिरँदा पनि उनले हामीसँग भनिन् । तीन नाबालक छोराहरू, जो क्रमशः कक्षा ९, ८ र ५ मा अध्ययनरत छन् । आमासँग कुरा गरिरहँदा बुबाको मृत्युबारे बुझे÷नबुझे झैँ अनुहार लुकाउँदै तीनै भाइ भित्तातिर हेरेर टोलाइरहेका थिए । बद्री पासवान चार वर्षदेखि गम्भीर रोगसँग लडिरहेका थिए । शुरुमा उनलाई ‘डाइविटिज’ भयो, पछि दुवै मिर्गौलाले काम नगरेर प्राण त्याग गर्नुपर्यो । सीता र छोराहरूको सङ्घर्ष त उनी बिरामी भएसँगै शुरु भइसकेको थियो । मृत्युले त त्यो पीडालाई नयाँ रूप मात्रै दिएको हो । अब त त्यो पीडालाई एकल जीवनको जिम्मेवारीले थिचेको छ । पाँच धुर गाउँब्लकको जमिनमाथि बनेको माटोको झुप्रोमा पासवान परिवारले टाउको लुकाइरहेको छ । नगरपालिकाले जस्ता दिने भनेको छ, तर त्यो छानो हाल्न सक्ने आर्थिक स्थिति छैन । ‘दैनिक ज्यालामा गुजारा चलाउँदा छाना बनाउने खर्च कहाँबाट ल्याउनु !’ सीताले भनिन् । विगतमा उनले श्रीमानको पीडासँग सङ्घर्ष गरिन् । अहिले श्रीमानको अनुपस्थितिमा सङ्घर्षको दायरा थप फराकिलो भएको छ । यो सम्झँदा सीताका आँखामा आँसु रोकिँदैनन् । ‘जब छोराहरूलाई भोकै सुत्न बाध्य हुन्छन्, तब भोकभन्दा ठूलो पीडा हुन्छ । स्कुल शुल्क तिर्न नसक्दा, किताब किन्न नसक्दा भविष्यको बाटो छेकिएको महसुस हुन्छ’, उनले भनिन् । छिमेकी राजकुमार सदा पासवान परिवारको पीडाले भावुक बन्छन् । उनले भने, ‘बद्री त गइहाले, तर त्योभन्दा ठूलो पीडा यो परिवारको हालत देख्दा हुन्छ, मन भक्कानिन्छ । खाने अन्न छैन, बस्ने घर छैन । गरिबीले पलपलमा दुःख दिइरहेको छ ।’ सँगै मर्ने बाँच्ने कसम खाएका जीवन साथी गए । बाँचेकाहरू पनि अभावसँग लड्दैछन् । त्यसैमा चार वर्षदेखि बेपत्ता एउटी छोरी सम्झदा झन् पीडा हुन्छ सीतालाई । ‘मानसिक अवस्था ठीक थिएन, केही वर्षअगाडि सडकमा देखेको भनेर कसैले भनेका थिए, तर खोज्न सकिनँ, अब पश्चातापबाहेक केही छैन’, उनले भने । बद्रीको मृत्युपछि लहान नगरपालिकाले राहतस्वरूप केही खाद्य सामग्री दिएको थियो । यसले केही दिन चुल्हो बले पनि अभाव हट्ने कुरो भएन । नगरप्रमुख महेशप्रसाद चौधरीले भने, ‘यो राहत तत्कालका लागि हो, तर दीर्घकालीन समाधानका लागि पनि पहल गर्नेछौँ ।’ नगर क्षेत्रभित्रका विपन्न परिवारमा कसैको मृत्यु भएमा नगरपालिका राहत लिएर पुग्ने गरेको उनको भनाइ छ । ‘मेरो कार्यकालमा दुई सयभन्दा बढी मुसहर समुदाय र सयौँ दलित, गरिब परिवारलाई राहत वितरण भइसकेको छ । यो पासवान परिवारलाई पनि थप सहयोग गर्छौं’, नगरप्रमुख चौधरीको भनाइ छ । वडा नं १४ का अध्यक्ष धानिकलाल यादवले नरपालिकासँग समन्वय गरेर पासवान परिवारका लागि घर बनाउन पहल गर्ने बताए । उनले भने, ‘एक त गरिबी, त्यसैमा श्रीमानको मृत्यु, अनि छोरी हराएको पीडा । यी सबै सीता दिदीका लागि असह्य बनेका छन् । यस्ता समस्यामा परेकालाई तत्काल राहत दिनु र दीर्घकालीन उपायको खोजी गर्नु हाम्रो कर्तव्य हो ।’ वडाध्यक्ष यादवका अनुसार घर निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाउने विषयमा पालिकास्तरमा छलफल चलिरहेको छ । सीता भने ‘घर’ मात्रै नभई त्यसभित्रको भविष्य झन् महत्त्वपूर्ण रहेको बताउँछिन् । ‘त्यो भविष्य भनेको छोराहरूको शिक्षा हो । यदि समयमै साथ, सहारा र सहयोग पाइयो भने मेरा सन्तानले बुबाको सपना पूरा गर्न सक्छन्’, उनले भनिन् । सीता पासवानको आँखामा आँसु मात्रै होइन, आशा पनि देखिन्छ । एक दिन त केही राम्रो हुनेछ, केही उज्यालो हुनेछ भनेर । सबैबाट सहयोग भए मात्रै यो आशा पूरा हुन सम्भव रहेको उनको बुझाइ छ । रासस



# उखु किसानले पाए अनुदान रकम

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटका उखु किसानले बिहीबार अनुदानको रकम प्राप्त गरेका छन् । कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले किसानको खातामा अनुदान रकम जम्मा गरेको हो । रौतहटका ३ हजार ६ सय ४६ उखु किसानलाई ३ करोड ४० लाख त्रिपन्न हजार ८ सय ८ रुपैयाँ २५ पैसा अनुदान रकम निकासा गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक देवी प्रसाद गौतमले जानकारी दिए । चाडपर्वको बेला रहेकोले प्राथमिकता दिएर उखु किसानको रकम भुक्तानी गरिएको प्रमुख कोष नियन्त्रक गौतमले बताए । रौतहटका उखु किसानले प्रतिक्विन्टल ३५ रुपैयाँका दरले अनुदान रकम प्राप्त गरेका छन् । सरकारले गएको वर्ष किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँको दरले अनुदान उपलब्ध गराउने निर्णय गरे पनि अहिले रकम निकासा गर्दा ३५ रुपैयाँको दरले वितरण गर्न पुग्ने गरी मात्रै निकासा गरेको थियो । रौतहटको कटहरिया नगरपालिकामा रहेको श्री बाबा बैजुनाथ सुगर एण्ड केमिकल इण्डस्ट्रि प्रालिले क्रसिङ गरेको उखुको विवरण अनुसार किसानलाई अनुदान रकम निकासा गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले जनाएको छ ।

# मधेश सरकारको नेतृत्व कांग्रेसले गर्नु पर्छः शर्मा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पार्टी केवल पुस्तान्तरणमा मात्र सीमित नभई सम्पूर्ण रुपान्तरणको बाटोमा अघि बढिरहेको स्पष्ट पारेका छन् । बिहीबार जनकपुरधाममा पत्रकारहरूसँग कुरा गर्दै महामन्त्री शर्माले नयाँ पुस्ताले उठाएका मागलाई सम्बोधन गर्नु आवश्यक रहेको तर त्यससँगै विगतका आन्दोलनका उपलब्धी र अधिकारलाई संस्थागत गर्ने जिम्मेवारी पनि कांग्रेसकै भएको बताए । ‘जेन्जी पुस्ताले उठाएको माग सम्बोधन गरिने नै हो । तर, कांग्रेस केवल पुस्तान्तरणको पक्षमा मात्र नभई सम्पूर्ण रुपान्तरणको पक्षमा छ । हामी नयाँ पुस्ताको भावनासँगै विगतका पुस्ताको त्याग, संघर्ष र उपलब्धीलाई संस्थागत गर्ने गरी अघि बढ्छौं,’ शर्मा भने । उनले कांग्रेसलाई समयसापेक्ष बनाउने अभियान कुनै एक पुस्तासम्म सीमित नरहेको उल्लेख गर्दै पार्टीभित्र निरन्तर संवाद, सहकार्य र नवीनीकरण आवश्यक रहेको बताए । अर्को प्रसंगमा महामन्त्री शर्माले मधेश प्रदेश सरकारको नेतृत्व अब नेपाली कांग्रेसले गर्ने दाबी गरे । उनले मधेशमा कांग्रेसले विगतदेखि गरेको योगदान र बलिदानलाई स्मरण गर्दै अहिलेसम्म नेतृत्व गर्न नसक्नु विडम्बना भएको टिप्पणी गरे । ‘कांग्रेसलाई मजबुत अवस्थामा पुर्याउन सबैभन्दा बढी बलिदान दिने पार्टी नै मधेशको नेतृत्व गर्न सकेको छैन । अब मधेश सरकारको नेतृत्व कांग्रेसले गर्नु पर्छ,’ शर्माले भने । हालैका दिनमा पार्टीभित्र नयाँ पुस्ताको नेतृत्व, संस्थागत सुधार र संगठनको नवीनीकरणबारे बहस तीव्र बनेको छ । विशेषगरी ‘जेन्जी पुस्ताले उठाएका माग’ सार्वजनिक भएपछि कांग्रेस नेतृत्व तहमा पुस्तान्तरण र रुपान्तरणबीचको भिन्नता बारे छलफल बढेको छ ।

# दशैँलाई लक्षित गरी जनकपुरधाममा कडा सुरक्षा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
दशैँको समयमा हुन सक्ने सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै जनकपुरधाममा यस वर्ष कडा सुरक्षा व्यवस्था अपनाइएको छ । धार्मिक एवम् सांस्कृतिक महत्त्व बोकेको यस शहरमा दशैँका दिनहरूमा लाखौँ श्रद्धालु भक्तजनको घुइँचो लाग्ने भएकाले प्रहरी प्रशासनले विशेष सतर्कता बढाएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाले नगरका विभिन्न प्रवेशद्वारमा चेक प्वाइन्ट स्थापना गर्नुका साथै गाउँगाउँमा समेत गस्ती टोली परिचालन गरेको जनाएको छ । सशस्त्र प्रहरी र नेपाल प्रहरीले संयुक्त रूपमा निगरानीलाई तिव्रता दिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक नरहरि रेग्मीका अनुसार दशैँ सुरक्षाका लागि ८०५ जना नेपाल प्रहरी र ४५० जना सशस्त्र प्रहरी परिचालन गरिएको छ । यिनै संख्यामा प्रहरीलाई विभिन्न संवेदनशील स्थान, बजार क्षेत्र, मठमन्दिर र भीडभाड हुने ठाउँमा खटाइएको छ । ‘सुरक्षा चुनौतीलाई न्यूनतम बनाउन हामीले चेकजाँचदेखि गस्ती र सादा पोसाकमा प्रहरी परिचालनसम्म गरेका छौं,’ एसपी रेग्मीले भने । सुरक्षा संयन्त्रलाई चुस्त बनाउन प्रहरीले ‘छिटो प्रतिक्रिया’ योजना लागू गरेको छ । रेग्मीका अनुसार शहरी क्षेत्रमा कुनै घटना वा समस्या उत्पन्न भएमा पाँच मिनेटभित्र प्रहरी पुग्ने र ग्रामीण क्षेत्रमा १० मिनेटभित्र प्रहरी टोली उपस्थित हुने गरी तयारी मिलाइएको छ । जनकपुरधाममा चाडबाडका बेला सामान्य दिनभन्दा बढी भिडभाड हुने भएकाले सुरक्षा जोखिम बढ्ने प्रहरीको आकलन छ । यसैलाई मध्यनजर गर्दै प्रहरीले नगरवासीलाई सचेत रहन, शंकास्पद गतिविधि वा व्यक्तिबारे तुरुन्त जानकारी दिन आग्रह गरेको छ । दशैँमा जनकपुरधामका राजदेवी मन्दिरलगायत अन्य शक्तिपीठमा भक्तजनको भीड हुने भएकाले प्रहरी प्रशासनले मन्दिर क्षेत्रमा विशेष सुरक्षा योजना बनाएको छ । भिड व्यवस्थापन, चोरी–डकैती नियन्त्रण तथा संभावित दुर्घटना रोकथामलाई प्राथमिकतामा राखिएको प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन